# कक्षा पाँचको नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

स्नातकोत्तर तह चौथो सत्रको नेपाली शिक्षा (नेपा.शि ५४४)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

शोधपत्र

प्रस्तुतकर्ता

संगिता कुमारी बम

महेन्द्ररत्न क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

ताहाचल, काठमाडौं

२०८१

कक्षा पाँचको नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था - संगिता कुमारी बम २०८१

# कक्षा पाँचको नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

स्नातकोत्तर तह चौथो सत्रको नेपाली शिक्षा (नेपा.शि ५४४)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

शोधपत्र


प्रस्तुतकर्ता

संगिता कुमारी बम

क्याम्पस क्रमाङ्क : ६८/२०७६

परीक्षा क्रमाङ्क : ७६२९०७२

त्रि.वि दर्ता नं.: ९-२-५९-५९-२०१४

महेन्द्ररत्न क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

ताहाचल, काठमाडौं



२०८१

पेस गरेको मिति
वि.सं : २०८०/१२/१५
सन् : मार्च २८, २०२४

मौखिक परीक्षा मिति
वि.सं : २०८१/०१/०४
सन् : अप्रिल १६, २०२४

© २०८१

संगिता कुमारी बम

सर्वाधिकार शोधार्थीमा

## प्रतिबद्धता पत्र

प्रस्तुत शोधपत्रमा प्रस्तुत सामग्रीहरू कतैबाट जस्ताको त्यस्तै साभार गरिएका छैनन् । लिइएका सामग्रीहरूमा स्रोत खुलाउने काम भएको छ । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । यसर्थ प्रस्तुत शोधपत्र सम्पूर्णतः मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०८०/१२/१५

...........................

(संगिता कुमारी बम)

शोधार्थी

त्रिभुवन विश्वविद्यालय

**महेन्द्ररत्न क्याम्पस**

४-२७१७०९
४-२७१७२८
ताहाचल,काठमाडौँ

पत्र सङ्ख्या :-

चलानी नं. :-

## सिफारिस पत्र

शिक्षाशास्त्र सङ्काय महेन्द्ररत्न क्याम्पस, स्नातकोत्तर तह चौथो सत्रको नेपाली शिक्षा (नेपा.शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत *कक्षा पाँचको नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था* शीर्षकको शोधपत्र शोधार्थी संगिता कुमारी बमले मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार गरिएको यस शोधकार्यबाट म सन्तुष्ट छु । यसर्थ प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा विभागमा सिफारिस गर्दछु ।

मिति : २०८०/१२/१५

..............................

(उपप्रा. रामचन्द्र खनाल)

शोधनिर्देशक

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र नेपाली भाषामा प्रयोग हुने शैक्षिक सामग्रीसँग सम्बन्धित रहेको छ । यस शोधपत्र तयार पार्ने क्रममा अमूल्य समय दिई उपयुक्त निर्देशन, सरसल्लाह, सुझाव र सहयोग गर्नुहुने नेपाली शिक्षा विभागका श्रद्धेय गुरु एवम् शोधनिर्देशक उपप्रा.रामचन्द्र खनालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधकार्यलाई विभागीय स्वीकृति प्रदान गरी आवश्यक सरसल्लाह, सुझाव र शोधप्रस्तावको तयारी देखि निरन्तर सहयोग गर्नुहुने नेपाली शिक्षा विभागका आदरणीय गुरु तथा विभागीय प्रमुख सहप्रा.डा.नेत्रप्रसाद पौडेलप्रति हृदयतः आभार प्रकट गर्दछु । त्यसैगरी शोधलेखनका क्रममा पटकपटक सल्लाह सुझाव दिएर आवश्यक सहयोग पुऱ्याउनुहुने नेपाली शिक्षा विभागका सहप्रा.डा. जीवलाल बस्याल, सहप्रा. तीर्थराज खतिवडा, उपप्रा.डा. रामकुमार राई, उपप्रा.डा. दुर्गाप्रसाद दाहाल, उपप्रा. टीकाबहादुर जिरेल लगायत सबै श्रद्धेय गुरुहरूप्रति म आभारी छु । शोधपत्र लेखनका क्रममा प्रशासनिक हिसाबले सहयोग पुऱ्याउनुहुने क्याम्पस प्रमुख सहप्रा.गेहेन्द्रप्रसाद दाहाल, सहायक क्याम्पस प्रमुख उपप्रा.डा. गोविन्द देवकोटा एवम् प्रशासन प्रमुख, लेखा प्रमुख, पुस्तकालय प्रमुखलागायत सबै कर्मचारीप्रति म कृतज्ञ छु ।

यस अवसरमा कुनै कुराको कमी हुन नदिन अहोरात्र मेहनत गर्ने मातापिता, भौतिक एवम् मानसिक दृष्टिले सहयोग गर्ने मित्रहरू र राम्रो गर्न उत्साह भर्ने सबै आफन्तजनलाई सम्झनु म आफ्नो कर्तव्य ठान्दछु । अन्त्यमा यस आकारमा तयार भएको शोधपत्रलाई आवश्यक मूल्याङ्कन प्रक्रियाका लागि महेन्द्ररत्न क्याम्पस, नेपाली शिक्षा विभागमा प्रस्तुत गर्दछु ।

मिति : २०८०/१२/१५

..........................

(संगिता कुमारी बम)

शोधार्थी

## शोधसार

प्रस्तुत अध्ययनमा गुणात्मक ढाँचा अवलम्बन गरिएको छ । यस ढाँचाभित्र १० वटा विद्यालयका १० जना शिक्षकका बिचमा प्रश्नावली र अवलोकन फारामको माध्यमबाट सङ्कलित गुणात्मक सूचनाहरूको वर्णनात्मक विधिअन्तर्गत गरिएको अध्ययन-विश्लेषणबाट प्राप्त भएको परिणामभित्र शैक्षिक सामग्री उपलब्धताको अवस्थालाई हेर्दा एक दुई (कल्लेरी आधारभूत विद्यालय, इन्द्र कन्या माध्यमिक विद्यालय र गणेश माध्यमिक विद्यालय) बाहेकका विद्यालयमा सामग्रीको अभाव देखिएको छ । शिक्षकले भने आवश्यक मात्रामा आफ्नो मोबाइलको प्रयोग गरी श्रव्यदृश्य सामग्रीको माध्यमबाट शिक्षण गरेको पाइएको छ । यस अवस्थाबाट आधुनिक युगमा आइपुदा पनि विद्यालय प्रशासन तथा स्थानीय स्तरको उपयुक्त सहयोग नहुँदा शिक्षण प्रभावकारी हुन नसक्नु नेपाली शिक्षण सिकाइको समस्या बनेको छ ।

शैक्षिक सामग्री प्रयोगको अवस्थालाई हेर्दा शिक्षकले आवश्यक मात्रामा मोवाइलबाट शिक्षण गरेको पाइन्छ जुन भाषाशिक्षणका लागि उचित छैन । धेरै जना विद्यार्थी भएको ठाउँमा मोवाइल देखाउन र त्यसबाट पढाउन सम्भव छैन । सामग्री उपलब्ध भएका तीनवटा विद्यालय (कल्लेरी आधारभूत विद्यालय, इन्द्र कन्या माध्यमिक विद्यालय र गणेश माध्यमिक विद्यालय) को शिक्षण प्रभावकारी रहेको देखिन्छ । सामग्रीको अभाव रहेका र सामग्री भएर पनि प्रयोगगत दक्षता र तालिमको अभाव रहेका सात वटा विद्यालयहरू (बाल उदय आधारभूत विद्यालय, सिद्धार्थ वनस्थली आधारभूत विद्यालय, सिद्धदेवी माध्यमिक विद्यालय, भवानी माध्यमिक विद्यालय, विष्णु आधारभूत विद्यालय, चन्द्रोदय आधारभूत विद्यालय, अलैँचे माध्यमिक विद्यालय) सामग्री प्रयोगका दृष्टिबाट कमजोर देखिन्छन् । समग्रमा हेर्दा केही आशा गर्न सकिए पनि आधारभूत तहको नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्था अपेक्षाकृत सबल देखिँदैन ।

## विषयसूची

| विषय शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|
| प्रतिबद्धता पत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृतिपत्र | ग |
| कृतज्ञता ज्ञापन | घ |
| सोधसार | ङ |
| विषयसूची | च |
| तालिकासूची | झ |
| चित्रसूची | ञ |
| सङ्क्षिप्त शब्दसूची | ट |
| **अध्याय एक : शोध परिचय** | **१-५** |
| विषय प्रवेश | १ |
| समस्याकथन | २ |
| शोधप्रश्न | ३ |
| अध्ययनको उद्देश्य | ३ |
| अध्ययनको औचित्य | ४ |
| अध्ययनको परिसीमा | ५ |
| शोधपत्रको रूपरेखा | ५ |
| **अध्याय दुई : पूर्वकार्यको पर्यावलोकन** | **६-२२** |
| अवधारणाको विकास | ६ |
| कक्षा पाँच | ६ |
| नेपाली भाषा | ६ |
| नेपाली भाषाशिक्षण | ६ |
| शैक्षिक सामग्री र प्रयोग | ७ |

| | |
|---|---|
| सैद्धान्तिक कार्यहरूको पर्यावलोकन | ७ |
| शिक्षण | ७ |
| भाषाशिक्षण | ७ |
| नेपाली भाषाशिक्षण | ८ |
| नेपाली भाषाशिक्षण र शैक्षिक सामग्री | ८ |
| नेपाली भाषाशिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीको वर्गीकरण | ९ |
| मौखिक सामग्री | ९ |
| श्रव्य सामग्री | १० |
| दृश्य सामग्री | १० |
| श्रव्यदृश्य सामग्री | १२ |
| पाठ्य सामग्री | १२ |
| स्पर्श सामग्री | १३ |
| प्रायोगिक कार्यहरूको पर्यावलोकन | १३ |
| पूर्वकार्य पर्यावलोकनको उपयोगिता | २० |
| अध्ययनको अवधारणात्मक ढाँचा | २१ |
| **अध्याय तीन : अध्ययन विधि तथा प्रक्रिया** | **२३-२५** |
| अनुसन्धान ढाँचा | २३ |
| सामग्रीका स्रोत | २३ |
| जनसङ्ख्या र नमुना | २३ |
| सामग्री निर्माण | २४ |
| सामग्रीहरूको कार्यान्वयन | २४ |
| सूचना सङ्कलन | २४ |
| सूचनाहरूको निर्मलीकरण | २५ |
| सूचनाहरूको व्यवस्थापन र विश्लेषण | २५ |
| **अध्याय चार : सूचनाको व्याख्या तथा विश्लेषण** | **२६-६५** |
| शैक्षिक सामग्री प्रयोगको अवस्था | २६ |
| शैक्षिक सामग्रीको उपलब्धता | ४७ |

**अध्याय पाँच : उपसंहार** ६६-६९

प्राप्ति ६६

निष्कर्ष ६७

शैक्षणिक उपादेयता ६८

भावी अनुसन्धानका लागि प्रस्तावित शीर्षकहरू ६९

सन्दर्भसूची ७०

परिशिष्ट क-ज

व्यक्तिवृत्त

# तालिका सूची


| तालिका र शीर्षक | | पृष्ठ स्ख्या |
|---|---|---|
| तालिका एक | *पाठ्यक्रम र शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोगावस्था* | *२७* |
| तालिका दुई | *पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्धता नहुनुका कारण* | *२८* |
| तालिका तिन | *तालिम तथा शैक्षिक सामग्री निर्माण कार्यशाला तथा प्रदशनीमा सहभागी* | *२९* |
| तालिका चार | *सहभागी हुने अवसर प्राप्त नहुनुको कारण* | *३०* |
| तालिका पाँच | *आवश्यक शैक्षिक सामग्रीहरू प्रयोग* | *३१* |
| तालिका छ | *सामग्री निर्माण तथा सङ्कलन* | *३२* |
| तालिका सात | *शैक्षिक सामग्रीहरूको उपलब्धता* | *३३* |
| तालिका आठ | *सामग्री उपलब्ध नहुनुका कारण* | *३४* |
| तालिका नौ | *प्रयोगमा रहेका शैक्षिक सामग्रीहरू* | *३५* |
| तालिका १० | *अनलाइन सामग्रीहरू प्रयोग* | *३६* |
| तालिका ११ | *अनलाइन सामग्रीहरू प्रयोग नगर्नुको कारण* | *३७* |
| तालिका १२ | *सामग्रीको भण्डारण तथा संरक्षण* | *३८* |
| तालिका १३ | *शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्नको लागि प्रोत्साहन* | *३९* |
| तालिका १४ | *शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीहरूमा प्रभाव* | *४०* |
| तालिका १५ | *एक शैक्षिक सत्रभित्र पुनर्ताजगी तालिममा सहभागी अवस्था* | *४१* |
| तालिका १६ | *शैक्षिक सामग्रीका लागि वाह्य सहयोग* | *४२* |
| तालिका १७ | *सहयोग प्राप्त गर्ने निकाय वा संस्था* | *४३* |
| तालिका १८ | *शैक्षिक सामग्रीको प्रयोग गर्दा समस्या भोगाइ* | *४४* |
| तालिका १९ | *समस्या भए समस्याहरू* | *४५* |
| तालिका २० | *शैक्षिक सामग्री उपयोगमा आउन नसक्नुका कारण* | *४६* |

तालिका २१ *योजना अनुरूप उद्देश्य प्राप्तिमा सहयोगी* ४७

तालिका २२ *प्रारम्भमा शैक्षिक सामग्री प्रयोगको स्थिति* ४८

तालिका २३ *प्रदर्शनी पाटीको उपयोग* ४९

तालिका २४ *शैक्षिक सामग्रीको स्तर* ५०

तालिका २५ *सामग्री प्रयोगमा भाषिक शुद्धता* ५१

तालिका २६ *शैक्षिक सामग्री प्रस्तुतीकरण* ५२

तालिका २७ *शैक्षिक सामग्रीप्रति विद्यार्थीको रुचि* ५३

तालिका २८ *शैक्षिक सामग्रीको पाठ्यवस्तुसँग उपयुक्तता* ५४

तालिका २९ *शैक्षिक सामग्री प्रदर्शनमा क्रमबद्धता* ५५

तालिका ३० *शैक्षिक सामग्री स्पष्ट देखिने* ५६

तालिका ३१ *शैक्षिक सामग्रीमा उदाहरणको उपयोग* ५७

तालिका ३२ *पाठ्यक्रमको मर्म समट्ने शैक्षिक सामग्री* ५८

तालिका ३३ *कक्षाकोठामा शैक्षिक सामग्री व्यवस्थापन* ५९

तालिका ३४ *शिक्षण विधि अनुकूलताका दृष्टिले शैक्षिक सामग्री* ६०

तालिका ३५ *सामग्री प्रयोगमा शिक्षकको सहजिकरण* ६१

तालिका ३६ *अभ्यासका दृष्टिले शैक्षिक सामग्री* ६२

तालिका ३७ *पृष्ठपोषणका दृष्टिले शैक्षिक सामग्री* ६३

तालिका ३८ *मूल्याङ्कनका र कक्षा समापनका दृष्टिले शैक्षिक सामग्री* ६४

## चित्रसूची

चित्र र शीर्षक पृष्ठ स्ख्या

चित्र एक : अध्ययनको अवधारणात्मक ढाँचा २२

# सङ्क्षिप्त शब्दसूची

| शब्दको सङ्क्षिप्त रूप | शब्दको पूर्ण रूप |
|---|---|
| आ.वि. | आधारभूत विद्यालय |
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| त्रि. वि. | त्रिभुवन विश्वविद्यालय |
| नेपा.शि. | नेपाली शिक्षा |
| पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| प्रा. | प्राध्यापक |
| पृ. | पृष्ठ |
| मा.वि. | माध्यमिक विद्यालय |

# अध्याय एक

# शोध परिचय

यस अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको परिसीमा र शोधपत्रको रूपरेखा समेटिएको छ ।

## विषय प्रवेश

भाषाशिक्षण भनेको भाषाका सिपहरूको शिक्षण गर्नु हो । भाषिक सिपहरूको उचित शिक्षण गर्नका लागि विभिन्न माध्यमबाट शिक्षण गर्नुपर्ने हुन्छ । ती विभिन्न माध्यमहरू : शिक्षण विधि, प्रविधि तथा प्रक्रियामध्ये शिक्षण सामग्री पनि एउटा हो । भाषाका विभिन्न सिपहरूलाई प्रभावकारी तरिकाले शिक्षण गर्न सिपअनुसारको मिल्दोजुल्दो सिकारु केन्द्रित शिक्षण सामग्रीको प्रयोग गर्नुपर्दछ । शिक्षण सिकाइका क्रममा पाठ्यपुस्तकलाई मात्रै व्याख्या गरेर हुंदैन । यसले कक्षा त्यति प्रभावकारी बन्दैन । त्यसकारण सिकाइलाई दिगो बनाउन विद्यार्थीको स्तर, क्षमता र रुचिलाई आत्मसात गर्दै पाठ अनुकुल सामग्री प्रयोग गर्नु अति उत्तम मानिन्छ (श्रेष्ठ,२०६४, पृ.१२) । यसबाट भाषाको शिक्षण सिकाइमा कक्षाको वातावरण, शिक्षणीय सामग्री र उपयुक्त विधि, प्रविधि र प्रक्रिया आवश्यक हुन्छ भन्ने देखिन्छ ।

भाषाका विभिन्न सिप र पक्षका विविध पाठ्यवस्तुहरूको प्रभावकारी शिक्षण गर्न शिक्षकले पाठ प्रस्तुतिका क्रममा उपयोग गर्ने जुनसुकै सामग्रीलाई शिक्षण सामग्री भन्न सकिन्छ । पाठमा जटिल अंशलाई सरल ढङ्गले बुझाउन सिकाइ तत्परता र कक्षा सहभागिता बढाउन तथा अमूर्त कुरालाई मूर्त रूपमा प्रस्तुत गर्न शैक्षिक सामग्री प्रयोग गरिन्छ । यस्ता सामग्रीहरू नँया नँया प्रविधिमा आधारित हुन जरुरी देखिन्छ । शिक्षण सामग्री अन्तर्गत मौखिक, श्रव्य, दृश्य, श्रव्य दृश्य, स्पर्श सामग्रीहरू पर्दछन् । सही सदुपयोग गरे मात्रै शिक्षण सिकाइ प्रभावकारी भई अपेक्षित उपलब्धि हासिल हुन्छ (खनिया, २०७५, पृ.१३०) । यसबाट शिक्षण सिकाइमा शैक्षिक सामग्रीमा आधुनिक प्रविधिमा आधारित सामग्रीको प्रयोगले जटिल सिकाइलाई सरल बनाउन मदत पुग्छ भन्ने देखिन्छ ।

नेपाली भाषाशिक्षणलाई उत्कृष्ट बनाउनका निम्ति हाल विद्यालयमा टेपरेकर्डर, रेडियो, ग्रामोफोन, टेलिभिजन, भिडियो, स्लाइड, पाटी, गोजीतालिका, पत्तीहरू, चित्र,

प्रतिमूर्ति, टाँस, स्पर्श सामग्रीहरूको उपयुक्त मात्रामा उपयोग गरी शिक्षण गर्ने प्रचलन छ। यो आजको आवश्यकता पनि हो। शैक्षिक सामग्रीको सहायताले विद्यार्थीहरूमा सिर्जनशील क्षमताको विकास गराउन सकिन्छ। विद्यार्थीहरूलाई व्यावहारिक ज्ञान, सिप तथा क्षमता सिकाउन र बौद्धिक क्षमताको विकास गर्न शैक्षिक सामग्री उपयोगी हुन्छ। विषयवस्तु अनुरूप को शिक्षण सामग्री छनोट र प्रयोगमा शिक्षक सचेत रहनुपर्ने हुन्छ। कन्फुसियस आदि शिक्षाविद्हरूकाअनुसार एउटा चित्रले एकहजार शब्द बराबरको ज्ञान दिन्छ। साथै सुनेको कुरा विर्सन सकिन्छ, देखेको कुरा धेरै सम्झन सकिन्छ अनि गरेको कुरा मस्तिष्कमा रहिरहन्छ र सिकाइ चिरस्थायी हुन्छ। नेपाली भाषाशिक्षणमा आधार सामग्री र सहायक सामग्री गरी दुई प्रकारका छन्। आधार सामग्रीअन्तर्गत पाठ्यक्रम, पाठ्यपुस्तक आदि पर्दछन् भने सहायक सामग्री भित्र मौखिक, श्रव्य, दृश्य आदि सामग्री पर्दछन्। जसले सिकाइलाई उपलब्धिपूर्ण, उद्देश्योन्मुख र प्रभावकारी बनाउन मदत गर्दछ (पोखरेल,काफ्ले र दाहाल, २०६९, पृ.११८)। यसबाट शिक्षण सिकाइमा शैक्षिक सामग्रीको निकै आवश्यकता पर्ने जसले गर्दा भाषा सिक्न सहज हुने र एउटा चित्रले एकहजार शब्द बराबरको ज्ञान प्राप्त गर्न मदत पुग्ने देखिन्छ। यस अध्ययनमा कक्षा पाँचको नेपाली शिक्षणमा शैक्षिक सामग्री प्रयोगावस्थालाई समस्याका रूपमा लिई अध्ययन गरिएको छ।

**समस्या कथन**

भाषिक सिप एवम् साहित्यिक विविध विधा अन्तर्गतका विषयवस्तुहरूलाई प्रभावकारी ढङ्गले शिक्षण गर्ने क्रममा सहायक सामग्रीका रूपमा प्रयोग गरिने सामग्रीलाई शैक्षिक सामग्री मानिन्छ। यसको प्रयोगले सिकाइ दिगो र रुचिपूर्ण हुन जान्छ। कक्षा पाँचमा नेपाली भाषाशिक्षण सिकाइ गर्दा विभिन्न भाषा समूहबाट विद्यार्थीहरू आउने भएकाले उनीहरूको समस्यालाई सहयोग पुर्‍याउने उद्देश्यले शैक्षिक सामग्री प्रयोग गर्नुपर्दछ। उमेर, रुचि, क्षमता तथा स्थानीय स्तरमै उपलब्ध शैक्षिक सामग्री प्रयोग गर्नुपर्दछ (शर्मा र पौडेल, २०६०, पृ.२०३)। भाषाशिक्षणका सन्दर्भमा यस भन्दा अगाडि धेरै अध्ययन भएको पाइन्छ। अध्ययनमा सामग्री प्रयोग अवस्था, सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षण सामग्रीको तुलनात्मक अवस्था, भाषाशिक्षणमा शिक्षण सामग्रीको प्रभावकारिताको तुलनात्मक अवस्था, शिक्षण सामग्रीको उपयोगिताको अध्ययन जस्ता विषयमा अध्ययन भएको देखिन्छ तर उपलब्धता र प्रयोग अवस्थाको तुलना गरी वास्तविक

अवस्थाको अध्ययन गर्नुपर्ने देखिन्छ । यस अध्ययनमा उपलब्धता र प्रयोग अवस्थाको तुलना गरी वास्तविक अवस्थाको अध्ययन गर्ने प्रयास भएको हुनाले यो महत्त्वपूर्ण देखिएको छ ।

वर्तमान युगमा प्रविधिमा आधारित सामग्रीहरू प्रयोग गर्ने प्रयास हुँदै आइरहेको छ । यो राम्रो पनि देखिएको छ । तथापि हाल विद्यालयमा विभिन्न कारणले अझै पनि शिक्षण सामग्रीको अभाव अर्थात् यसको सही सदुपयोग हुन सकेको छैन । यस्तो अवस्थामा विशेष गरी शिक्षक एवम् शैक्षिक निकायसँग आबद्ध सम्पूर्ण निकायहरूको विशेष जिम्मेवारी हुने र यसलाई सुधार गर्नुपर्ने देखिन्छ । यस अध्ययनमा गोरखा जिल्ला आरुघाट गा.पा. भित्रका १० वटा सामुदायिक विद्यालयका आधारभूत तह कक्षा पाँचमा नेपाली भाषाशिक्षण सिकाइमा शिक्षण सामग्रीको उपलब्धता र प्रयोगको अवस्था के कस्तो छ र कसरी चल्दै आएको छ भन्ने समस्यामा यो अध्ययन केन्द्रित रहेको छ ।

**शोधप्रश्न**

प्रस्तुत अध्ययनका लागि देहायबमोजिम दुई शोधप्रश्न निर्धारण गरिएका छन् :

(क) कक्षा पाँचको नेपाली भाषाशिक्षण सिकाइमा शैक्षिक सामग्री उपलब्धताको अवस्था के कस्तो छ ?

(ख) कक्षा पाँचको नेपाली भाषाशिक्षण सिकाइमा शैक्षिक सामग्री प्रयोगलाई के कसरी व्यवस्थापन गर्ने गरिएको छ ?

**अध्ययनका उद्देश्य**

यस अध्ययनका लागि निम्नानुसारका दुई उद्देश्य तय गरिएका छन् :

(क) कक्षा पाँचको नेपाली भाषाशिक्षण सिकाइमा शैक्षिक सामग्री उपलब्धताको अध्ययन गर्नु,

(ख) कक्षा पाँचको नेपाली भाषाशिक्षण सिकाइमा शैक्षिक सामग्री प्रयोगावस्थाको विश्लेषण गर्नु ।

## अध्ययनको औचित्य

भाषाशिक्षण भाषिक सिप शिक्षणसँग सम्बन्धित छ । यसले भाषिक दक्षतालाई बढाउने काम गर्दछ । कुनै पनि विधामा शिक्षण गर्नको लागि उपयुक्त भाषिक सिप विकास गर्ने हो भने त्यहाँ उपयुक्त सामग्रीको पनि प्रयोग हुन आवश्यक देखिन्छ । प्रभावकारी सिकाइका निमित्त सिकारु केन्द्रित शिक्षण सामग्री एवम् दक्ष र तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नु अति आवश्यक हुन्छ । यदि भाषाशिक्षण शैक्षिक सामग्रीको ज्ञान छैन या सामग्रीको अभाव छ भने एउटा पाठ्यपुस्तकलाई मात्रै आधार बनाएर कक्षा कोठामा विद्यार्थीको सिकाइ वातावरण उपयुक्त एवम् रुचिपूर्ण र सक्रिय हुँदैन त्यसैले भाषाशिक्षणका क्रममा आवश्यक दक्ष शिक्षक र प्रशस्त मात्रामा सामग्रीको उपयोग गरे मात्रै कक्षा शिक्षण उलब्धिपूर्ण हुन्छ । यस शोधकार्यमा नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीको वर्तमान अवस्था अध्ययन गर्ने क्रममा विद्यालयमा के कस्ता शिक्षण सामग्री उपलब्ध छन् या छैनन् छन भने पनि ती सामग्रीहरूको सही सदुपयोग भएको छ छैन, सामग्री प्रयोग गर्ने शिक्षक तालिम प्राप्त छन् छैनन्, परम्परागत तरिकाले शैक्षिक सामग्रीको प्रयोग हुँदैछ या आधुनिक प्रविधिमा आधारित सामग्रीको प्रयोग हुनेगरेको छ र स्थानीय स्तरमै उपलब्ध मूल्य नपर्ने, कम मूल्य पर्ने सामग्रीको प्रयोगको अवस्था कस्तो छ भन्ने कुरा यसमा हेरिएको छ । यस अध्ययनको औचित्यलाई निम्नानुसार बुँदाबद्ध गरिएको छ :

क) यस शोध कार्यपश्चात् भाषाशिक्षणका कक्षामा हरेक शिक्षकले शैक्षिक सामग्रीको प्रयोग गर्नु अति आवश्यक छ र सिकाइ प्रभावकारी पनि हुन्छ भन्ने धारणा जगाउने भएकाले ।

ख) यसबाट शिक्षकले शिक्षण सामग्री प्रयोग गर्दैगर्दा सही सामग्री सही ठाँउमा प्रयोग गरी बालकेन्द्रित तथा क्षमताअनुसारका बढी भन्दा बढी सामग्री उपयोग गर्दा सिकाइ दिगो हुन्छ भन्ने धारणा स्पष्ट हुने भएकाले ।

ग) यसले सकेसम्म शिक्षकलाई आधुनिक प्रविधिमा आधारित भई बालबालिकाहरूलाई शिक्षा दिन प्रेरित गर्ने भएकाले ।

घ) यसले स्थानीय स्तरमै उपलब्ध मूल्य नपर्ने, र मूल्य पर्ने सामग्रीको महत्त्व बुझ्न शिक्षकलाई मदत पुग्ने भएकाले ।

ङ)	यसबाट नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्थामा देखापरेका समस्याहरूको समाधान खोज्न सम्बद्ध निकायलाई सहयोग पुग्ने हुनाले ।

**अध्ययनको परिसीमा**

प्रस्तुत अध्ययनमा सम्पूर्ण पक्षलाई समेट्न नसकिने हुँदा यसको सीमा निर्धारण गर्नु आवश्यक थियो । यही विषयलाई ध्यानमा राख्दै प्रस्तुत अध्ययनलाई देहायबमोजिम सीमाबद्ध गरिएको छ :

क)	यस अध्ययनलाई गण्डकी प्रदेश, गोरखा जिल्ला, आरुघाट गाँउपालिकाभित्र पर्ने १,२, ६, ७ र १० नम्बर वडामा सीमित गरिएको छ ।

ख)	यो आरुघाट गाँउपालिकाभित्र पर्ने १० वटा सामुदायिक विद्यालयमा सीमित रहेको छ ।

ग)	यो उक्त विद्यालयमा नेपाली भाषाशिक्षण सिकाइमा प्रयोग हुने शैक्षिक सामग्री उपलब्धताको अध्ययनमा सीमित रहेको छ ।

घ)	यो सम्बन्धित विद्यालयको १० जना विषय शिक्षकले भरेका प्रश्नावली र शोधार्थी स्वयम् उपस्थित भई गरिएको कक्षा अवलोकनमा प्राप्त आधिकारिक गुणात्मक सूचनाको विश्लेषणमा केन्द्रित रहेको छ ।

**शोधपत्रको रूपरेखा**

अध्याय एक	: शोध परिचय

अध्याय दुई	: पूर्वकार्यहरूको पर्यावलोकन

अध्याय तीन	: अध्ययन विधि तथा प्रक्रिया

अध्याय चार	: सूचनाको व्याख्या तथा विश्लेषण

अध्याय पाँच	: उपसंहार

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

## पूर्वकार्यहरूको पर्यावलोकन

प्रस्तुत अध्यायमा पूर्वकार्यहरूको पर्यावलोकनमा सैद्धान्तिक कार्यहरूको पर्यावलोकन तथा प्रायोगिक कार्यहरूको पर्यावलोकन गरिएको छ । सैद्धान्तिक कार्यहरूको पर्यावलोकनमा उपशीर्षक अन्तर्गत शिक्षण, भाषाशिक्षण, नेपाली भाषाशिक्षण र नेपाली भाषाशिक्षण र शैक्षिक सामग्री तथा प्रायोगिक कार्यहरूको पर्यावलोकनमा पुस्तकसम्बद्ध स्रोत र शोध अध्ययन सम्बद्ध स्रोत विषयहरू रहेका छन् ।

### अवधारणाको विकास

यस उपशीर्षकमा कक्षा पाँच, नेपाली भाषा, नेपाली भाषाशिक्षण, शैक्षिक सामग्री र प्रयोग जस्ता विषयहरू रहेका छन् ।

**कक्षा पाँच :** नेपालको विद्यालय शिक्षा प्रणाली आधारभूत तथा माध्यमिक तह गरेर विभाजन गरिएको छ । जस मध्य कक्षा पाँच आधारभूत तहको पनि (कक्षा ४-५) ८ देखि ९ वर्षसम्मका उमेर समूह तह दुईअन्तर्गत रही पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्ने गरिन्छ । आधारभूत तह कक्षा पाँचमा ३२ पाठ्यघण्टा तथा १०२४ वार्षिक कार्यघण्टा तोकिएको छ जसमध्ये नेपाली विषयका लागि पाँच पाठ्यघण्टा तथा १६० वार्षिक कार्यघण्टा तोकिएको छ (पा.वि.के, २०७८, पृ. १४) । यसबाट कक्षा पाँचको शिक्षण सिकाइ गर्ने मार्गदर्शन मिल्दछ ।

**नेपाली भाषा :** नेपालमा रहेका विभिन्न भाषा परिवारहरू मध्येको एक परिवार हो भारोपेली भाषा परिवार यसै परिवारको धेरै सङ्ख्यामा बोलिने भाषाका रूपमा नेपाली भाषालाई लिइएको छ । नेपाली भाषा नेपालको राष्ट्रिय तथा सरकारी कामकाजको भाषा हो । यो भाषाको उद्‌गम स्थल जुम्लाको सिंजामा भएको मानिन्छ (लम्साल, २०७६, पृ.२१३) । स्तरीय र मानक रहेको नेपाली भाषा हाल नेपालमा ४४.८६ प्रतिशत बोलिने गरिन्छ ।

**नेपाली भाषाशिक्षण :** भाषिक सिपको शिक्षण भाषाशिक्षण हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी भाषाका चार सिप छन् । सुनाइ र बोलाइ कथ्य र पढाइ तथा लेखाइ लेख्य माध्यममा पर्दछन् । नेपाली भाषाशिक्षण गर्दा साहित्यका विभिन्न विधा शिक्षण

गरिन्छ । जसका माध्यमबाट बोध तथा अभिव्यक्ति सिपको विकास हुन्छ (अधिकारी, २०५९, पृ.१) । उपयुक्त ढङ्गबाट नेपाली शिक्षण गर्ने हो भने शिक्षण प्रभावकारी भई सिकाइ दिगो हुन्छ ।

**शैक्षिक सामग्री र प्रयोग** : शिक्षण सिकाइको क्रममा प्रयोग हुने जुनसुकै सामग्री तथा शिक्षण सिकाइ प्रक्रियालाई रोचक, चिरस्थायी र प्रभावकारी बनाई शिक्षाको गुणस्तर वृद्धि गर्ने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शिक्षण सिकाइ क्रियाकलापका क्रममा शिक्षणीय विषयवस्तुलाई स्पष्ट पार्नका लागि प्रयोग गरिने सामग्री शैक्षिक सामग्री हुन् । शिक्षण सामग्री अन्तर्गत मौखिक, श्रव्य, दृश्य, श्रव्य दृश्य र स्पर्श सामग्रीहरू पर्दछन् । विद्यालयमा टेपरेकर्डर, रेडियो, ग्रामोफोन, टेलिभिजन, भिडियो, स्लाइड, पाटी, गोजीतालिका, पत्तीहरू, चित्र, प्रतिमूर्ति, टाँस, स्पर्श सामग्रीहरूको उपयुक्त मात्रामा उपयोग गरी शिक्षण गरिन्छ (पोखरेल, काफ्ले र दाहाल, २०६९, पृ.१९६) । यसरी यस्ता सामग्रीहरूको उपयुक्त मात्रामा उपयोग गरी प्रभावकारी शिक्षण गर्न र सिकाइ दिगो बनाउन मदत पुग्दछ ।

**सैद्धान्तिक कार्यहरूको पर्यावलोकन**

यस उपशीर्षकमा शिक्षण, भाषाशिक्षण, नेपाली भाषाशिक्षण तथा नेपाली भाषाशिक्षण र शैक्षिक सामग्री सिद्धान्तसम्बद्ध विषयहरू रहेका छन् ।

**शिक्षण** : विषयवस्तु सिकाउन शिक्षण गरिन्छ । शिक्षण भनेको विषयवस्तुलाई कक्षा सहजीकरण गर्न अपनाइने तौरतरिका वा कौशल हो । यो विषयवस्तु विस्तार गर्ने कौशल हो । सिद्धान्तलाई व्यवहारमा उतार्ने तथा विषयवस्तुको विस्तार र समीक्षा गर्ने कलालाई शिक्षण भनिन्छ । शिक्षणलाई तालिम, कला वा निर्देशनका रूपमा हेरिन्छ । शिक्षणलाई विषयसम्बद्ध सैद्धान्तिक, दार्शनिक, वैज्ञानिक र व्यावहारिक विश्लेषणको मुख्य आधार हो । शिक्षण र सिकाइबिच अन्तरसम्बन्ध हुन्छ । शिक्षण प्रदानात्मक शिल्प हो भने सिकाइ आदानात्मक शिल्प हो । शिक्षण विषयवस्तुको विस्तारसँग सम्बन्धित हुन्छ । (भट्टराई, २०७८, पृ.४) यसबाट शिक्षणले विषयवस्तुको ज्ञान प्रदान गरी व्यावहारिक दक्षता हासिल हुन्छ भन्ने प्रस्ट हुन्छ ।

**भाषाशिक्षण** : भाषाशिक्षण भनेको भाषिक सिपको शिक्षण हो । विषयवस्तुलाई साधन बनाएर भाषिक सिप सिकाउनु यसको उद्देश्य हुन्छ । भाषाशिक्षणमा भाषिक सिप (सुनाइ,

बोलाइ, पढाइ र लेखाइ) मार्फत बोध र अभिव्यक्ति क्षमताको विकास हुन्छ । बालबालिकालाई जुनसकै भाषा सिक्नका लागि पनि भाषाशिक्षण निकै उपयोगी मानिन्छ । भाषाशिक्षणले भाषा कसलाई, किन, कसरी, कहिले, कहाँ, सिकाउने भन्ने कुराको स्पष्ट निर्देशन दिन्छ । सिकारुलाई भाषिक सिप सिकाउन भाषा, साहित्य र ज्ञान विज्ञानका विविध क्षेत्रबाट सामग्रीहरू लिइएका हुन्छन् (ढकाल र खतिवडा, २०७५, पृ.२) । यसबाट भाषाशिक्षण विभिन्न सिपहरूमा भाषिक दक्षता हासिल हुन्छ भन्ने प्रस्ट हुन्छ ।

**नेपाली भाषाशिक्षण** : नेपाली भाषाशिक्षण भन्नाले नेपाली शिक्षणमा भाषाका सुनाइ र बोलाइ तथा पढाइ र लेखाइ सिपहरूको शिक्षण एवम यी सिपहरूमा दक्षता हासिल गर्नु भन्ने बुझिन्छ । नेपाली भाषाशिक्षण विशेष गरी नेपालको सरकारी कामकाजको भाषा तथा मानक भाषाका रूपमा शिक्षण गर्ने गरिन्छ । नेपालमा विभिन्न मातृभाषाहरू छन् जस मध्यको एउटा भाषा हो नेपाली जुन कसैको पहिलो भाषा त कसैको दोस्रो भाषाका रूपमा रहेको छ । यसरी भाषा सिक्ने क्रममा भाषालाई आदान तथा प्रदानका माध्यमबाट भाषाशिक्षण गरिन्छ । (ढकाल र खतिवडा, २०७५, पृ.१) यसबाट नेपाली भाषाको उपयुक्त तरिकाले शिक्षण गर्ने हो भने नेपाली भाषाको स्थान अझै उच्च हुने देखिन्छ ।

**नेपाली भाषाशिक्षण र शैक्षिक सामग्री**

नेपाली शिक्षण भन्नु नेपाली भाषाशिक्षण भन्ने बुझिन्छ । वास्तवमा भाषाको प्रयोग एक अर्काको विचार विनिमय गर्न अर्थात् एक आपसमा विचारको साटासाट गर्ने माध्यमका रूपमा हुन्छ । नेपालमा २०७८को जनगणनाअनुसार विचार विनिमय हुने १२४ मातृभाषाहरूमध्ये नेपालको राष्ट्रिय भाषा एवम् सरकारी कामकाजको भाषा नेपाली भाषालाई मानिएको छ । नेपाल विविधतायुक्त मुलुक हो त्यसकारण पनि विविध भाषाहरू छन् तीमध्ये बहुसङ्ख्यकले बोल्ने नेपाली भाषा सर्वमान्य एवम् मानक भाषा मानिन्छ (ढकाल, २०६५, पृ.१) । यसबाट सबै भाषाले राष्ट्रिय भाषाको मान्यता पाए पनि आज पनि नेपाली भाषा मुख्य भाषाका रूपमा रहेको प्रमाणित हुन्छ ।

नेपालमा मात्रै सीमित नरहेको नेपाली भााषा भारतको संविधानको अनुसूची आठमा सूचीकृत भाषा आज शिक्षा, साहित्य, कानुन जस्ता विभिन्न औपचारिक अनौपचारिक ठाँउमा प्रयोग हुँदै आएको देखिन्छ । हाल नेपालमा शिक्षा क्षेत्रमा पनि यसको विद्यालय तह

देखि विश्वविद्यालय सम्म एउटा विषयका रूपमा अर्थात माध्यमका रूपमा कुनै न कुनै रूपमा प्रयोगभएको छ (लम्साल, २०७६,पृ.२१२) । यसबाट अन्तर्राष्ट्रिय स्तरमा समेत मान्यता प्राप्त र विश्वविद्यालय सम्म एउटा विषयका रूपमा अर्थात माध्यमका रूपमा प्रयोग भए पनि यसले अझै पनि स्तरीयता प्राप्त गरेको देखिँदैन ।

नेपाली भाषाशिक्षण भन्नाले नेपाली शिक्षणमा भाषाका सुनाइ र बोलाइ तथा पढाइ र लेखाइ सिपहरूको शिक्षण एवम यी सिपहरूमा दक्षता हासिल गर्नु भन्ने बुझिन्छ । नेपाली भाषाशिक्षणलाई प्रभावकारी बनाउने अनेक उपाय मध्य शिक्षण सामग्रीको प्रयोग महत्त्वपूर्ण हुन्छ । शिक्षण सामग्रीको बढी भन्दा बढी प्रयोग गरी भाषा सिकाउन सहज गर्नुपर्दछ । एउटा शिक्षकलाई सामग्रीको व्यवस्था हुनुका साथै त्यो सामग्री मूल्य नपर्ने, कम मूल्य पर्ने तथा स्थानीय स्तरमा उपलब्ध हुनुपर्दछ । भाषाशिक्षणका क्रममा मौखिक, श्रव्य, दृश्य, श्रव्य दृश्य, स्पर्श सामग्रीहरूको प्रयोग गर्नु पर्दछ । सामग्रीको प्रयोग गर्ने शिक्षक दक्ष हुनुपर्दछ तब मात्र सिकाइ दिगो हुन्छ (ढकाल, २०६७, पृ.७१) । यसबाट वर्तमान समयमा स्थानीय स्तरमा पाइने मूल्य नपर्ने तथा कम मूल्य पर्ने सामग्रीको उपयोग गर्ने हो भने सिकाइ प्रभावकारी हुन्छ तर हाल नेपालमा अझै पनि पुस्तकीय ज्ञान मात्रै दिएको पाइन्छ ।

**नेपाली भाषाशिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीको वर्गीकरण**

नेपाली भाषाशिक्षण भनेको भाषासँग सम्बन्धित सिप शिक्षण हो । भाषाका सिपहरू सिकाउन प्रयोग हुने विविध माध्यममध्ये एक उत्कृष्ट माध्यम शिक्षण सामग्रीको प्रयोग लिन सकिन्छ । भाषाशिक्षणका क्रममा शैक्षिक सामग्रीको सही प्रयोगले शिक्षण सरल, सहज, प्रभावकारी र चिरस्थायी हुन्छ (खनिया, २०७५, पृ.१३०-१३६) । खनियाका अनुसार नेपाली भाषाशिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीका प्रकारलाई निम्नानुसार उल्लेख गरिएको छ :

**मौखिक सामग्री-** शिक्षणका क्रममा गरिने प्रश्न, उदाहरण, सूचना सुधारका लागि गरिएका मौखिक प्रयास, निर्देशन, पृष्ठपोषण, प्रेरणा, प्रोत्साहन, विषयवस्तुको व्याख्या आदि मौखिक सामग्री हुन् । यस्ता शैक्षिक सामग्रीबाट विद्यार्थी सक्रियता बढ्ने, कल्पना शक्ति बढ्ने तर्क शक्तिको विकासका साथै विद्यार्थी र शिक्षक बिच अन्तर्क्रिया बढ्ने अबसर मिल्छ (खनिया, २०७५, पृ.१३०) । यसरी विद्यार्थीको स्तरअनुसारका छोटा, मिठा, सरल र स्पष्ट खालका प्रश्न र उदाहरणको प्रयोगले सिकाइ प्रभावकारी हुन सक्छ भन्ने विश्वास गर्न सकिन्छ ।

**श्रव्य सामग्री-** यस अन्तर्गत रेडियो, टेपरेकर्डर, टेलिफोन, आइप्याड, मोबाइल आदि पर्दछन् । यिनले भाषा सिकाइमा विविधता थप्छन् । श्रवण, उच्चारण र वाचनकला विकास हुने, बोलाइ सिपको पनि विकास हुन्छ । यिनलाई कविताको लयबोध, सस्वरपठन, श्रुतिबोध, नाटक र एकाङ्कीको संवाद सुनाएर उपयोगमा ल्याउन सकिन्छ । रेडियोबाट विभिन्न शिक्षण कार्यक्रमहरू प्रसारण गर्न सकिन्छ र टेपरेकर्डरबाट लय तथा उच्चारणको अभ्यास गराउन सकिन्छ । त्यस्तै टेलिफोनबाट बोलाइका विभिन्न शैलीको अभ्यास गराउन सकिन्छ (शर्मा र पौडेल, २०६७, पृपृ.२८४-२८५) । समग्रमा यस्ता सामग्रीहरूबाट शिक्षण सिकाइलाई व्यवस्थित गर्न सकिन्छ ।

**दृश्य सामग्री-** आँखाले देख्न सकिने यन्त्र र अन्य सामग्री प्रत्यक्ष रूपमा देखिने सामग्रीलाई दृश्य सामग्री भनिन्छ । यस भित्र चित्र वस्तु, प्रतिमूर्ति, नक्सा, भित्तेपाटी, फलाटिन पाटी, गोजि तालिका, भित्तेपत्रिका, पत्रपत्रिका, पर्चा पोस्टर, पत्तीहरू आदि पर्दछन् । चित्र वस्तु, प्रतिमूर्ति, नक्साबाट कथा शिक्षण गराउन सकिन्छ । भित्तेपाटी, फलाटिन पाटी शब्दार्थ शिक्षण गर्न र भित्ते पत्रिका, पत्रपत्रिका, पर्चा पोस्टर, पत्तीहरू आदिबाट सस्वर पठन गराउँदै पढाइ सिपको अभ्यास गराउन सकिन्छ (खनिया, २०७५,पृ.१३१) । यसरी यस्ता सामग्रीको उपयोगबाट सिकाइलाई दिगो र प्रभावकारी बनाउन सकिन्छ । उनका अनुसार दृश्य सामग्रीका बारेमा निम्नानुसार प्रस्ट पार्न सकिन्छ :

***पाटी-*** नेपालमा अधिकांश शिक्षण संस्थाहरूमा कालोपाटी वा श्यामपाटी प्रयोग गर्ने हुन्छ । यो कक्षाकोठामा नियमित रूपमा प्रयोग हुने सामग्री हो । यो आफैँ प्रस्तुत हुने सामग्री नभई यसमा अन्य सामग्रीहरू प्रयोग गरिने माध्यम मात्रै हो । कक्षामा हरेक कुरा टिपोट गर्नका लागि उपयोगी हुन्छ (खनिया, २०७५, पृ.१३१) । यसबाट शिक्षक र विद्यार्थी दुवैलाई सक्रिय गराउन मदत पुग्दछ ।

***फलाटिन पाटी-*** यो कपडा बाट चारैतिर धागोले सिलाएर र माथितिर उजिन्डो सहित राखेर निर्माण गरिन्छ । यसमा चित्रहरू, तालिका सूची, नमुना उत्तरहरू, मुख्य मुख्य बुँदाहरू, नक्सा तस्बिर जस्ता सामग्रीहरू प्रदर्शन गर्न मदत गर्दछ ।

***चुम्बकीय पाटी-*** चुम्बकीय पाटीको निमार्ण चुम्बक र जस्ता पाताबाट गरिन्छ । भाषाशिक्षणमा यसको प्रयोग न्यून भएपनि यो निकै प्रभावकारी तथा उपयोगी छ । यसमा

सूचीहरू, तलिका, चित्रहरू तथा उत्तरका नमुनाहरू प्रस्तुत गर्न निकै सहज हुन्छ । यसरी शिक्षण प्रभावकारी हुन्छ ।

***प्राजेक्टर-*** भाषाशिक्षणका क्रममा प्रयोगमा ल्याउन सकिने उपयोगी सामग्री प्रोजेक्टर हो । यो बढी खर्चालु हुने भएकाले सबैको पहुँचमा नहुन सक्छ । यो विश्वविद्यालय तिर धेरै प्रयोग भएको देखिन्छ । यसमा तालिका चित्र, रेखाचित्र, मानचित्र, पाठका प्रमुख बुँदाहरूको प्रयोग गर्न सकिन्छ । यसबाट सिकारुमा धेरै कुराको ज्ञान दिन सकिन्छ ।

***गोजी तालिका-*** गोजी तालिकामा बाक्लो कागज वा कार्डबोडमा गोजीहरू बनाउने काम गरिन्छ । यस तालिकाबाट नेपाली भाषाशिक्षण गर्दा शब्दपत्ती, वाक्यपत्तीको प्रयोग गरी अक्षर चिनारी, शब्दार्थ, वाक्यमा प्रयोग, व्याकरणका नियमहरू, उदाहरण र प्रयोगहरूको शिक्षण गर्न सकिन्छ (खनिया, २०७५, पृ.१३२) । यसरी भाषा सिकाउनका लागि सहज हुन्छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

***पत्तीहरू-*** कार्डबोडका टुक्राहरू बाक्लो कागजका टुक्राहरूलाई पत्ती भनिन्छ । खास गरी अक्षरपत्ती, शब्दपत्ती तथा वाक्यपत्ती आदि यसमा प्रयोग गरिन्छ । यसबाट पनि सिकाइमा भाषाका बोध र अभिव्यक्ति सिप सिकाउन मदत पुग्दछ ।

***चित्रहरू-*** स्वनिर्मित, सङ्कलित वा खरिदबाट कुनै पनि भाव विचार प्रस्ट्याउन प्रयोग हुने सामग्री चित्रहरू हुन् । यसमा रेखा चित्रहरू, व्यङ्ग्य चित्रहरू आदि पर्दछन् । यसले ध्यान आर्कषण गरी पाठलाई रोचक बनाउँछ ।

***प्रतिमूर्ति-*** ठुलो वस्तुको सानो नमुना प्रतिमूर्ति हो । कक्षामा प्रस्तुत गर्न नसकिने वस्तुका लागि यो उपयुक्त हुन्छ । जस्तैः बोटबिरुवा, ठाँउ, हिमाल तथा ताल आदि । यसले वास्तविक वस्तुको अवधारणासहित सिकाइ आकर्षक बनाउँछ ।

***तालिका-*** पाठमा आधारित मुख्य मुख्य बुँदाहरूलाई क्रमबद्ध गरी तथ्याङ्कलाई रेखिय ढाँचामा प्रस्तुत गर्नुलाई तालिका भनिन्छ । भाषाशिक्षणका क्रममा विभिन्न खालका सूची, तालिका, नियम, वर्गीकरण, विकासक्रम, प्रकार तथा विशेषता आदिमा वर्गीकरण गर्न सकिन्छ । यसले सिकाइलाई थप प्रभावकारी बनाउँछ ।

***टाँस-*** शब्दपत्ती अर्थपत्ती आदि यसमा प्रयोग हुन्छ । यसबाट समयको बचत र प्रयोग गर्न पनि सजिलो हुन्छ ।

**श्रव्य दृश्य सामग्री-** सुन्न र देख्न सकिने सामग्रीलाई श्रव्य दृश्य सामग्री भनिन्छ। यस्ता सामग्रीहरूः कम्प्युटर, टेलिभिजन, चलचित्र तथा भिडियो आदि हुन्। यस्ता सामग्रीबाट नयाँ नयाँ जानकारीको खोजी गरी भाषिक सिपहरूको अभ्यास गराउन सकिन्छ (ढकाल, २०७४, पृ.२२८)। यसअन्तर्गत टेलिभिजन, चलचित्र, भिडियो र कम्प्युटर पर्छन्

***टेलिभिजन-*** विद्यार्थीले मनोरञ्जनका साथसाथै विभिन्न ज्ञान र भाषिक सिपहरू टेलिभिजन बाट प्राप्त गर्न सक्दछन्। यसले सिकारुलाई हेरेर बोध तथा अभिव्यक्ति क्षमताको विकास गर्न मदत गर्दछ।

***चलचित्र-*** कक्षाकोठामा प्रंयोग गरेपनि विविध ज्ञान र मनोरञ्जन प्रदान गराउन उपयुक्त देखिन्छ। जस्तैः विद्यार्थीलाई कुनै सान्दर्भिक चलचित्र देखाउन हलभित्र लान सकिन्छ। यसबाट सिकाइका साथै सान्दर्भिक ज्ञान र सिपको अभ्यास गराउँछ।

***भिडियो-*** पाठ्यवस्तु वा अन्य सामग्रीलाई सि.डि.मा राखेर भिडियो मार्फत प्रस्तुत गर्न सकिन्छ। यसले सिकाइलाई रोचक बनाउन मदत गर्दछ।

***कम्प्युटर-*** भाषाशिक्षणका सन्दर्भमा विभिन्न तथ्याङ्क तालिका र विविध सन्दर्भलाई प्रस्तुत गर्न प्रयोग हुन्छ। समय सान्दर्भिक कुराको जानकारी कम्प्युटरको प्रयोगबाट खोजेर भाषिक सिप सिक्न सहज गराउँछ।

**पाठ्य सामग्री-** पठनका लागि उपयोगमा ल्याउने पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भपुस्तक, शिक्षक निर्देशिका, पत्रपत्रिका, पर्चा, पोस्टर, तालिका तथा शव्दार्थ पत्ती आदि भाषाशिक्षणमा प्रयोग हुन्छन् (पोखरेल, काफ्ले र दाहाल, २०६९, पृ.११८)। यसअन्तर्गत निम्नानुसारका सामग्रीहरू रहेका छन् :

***पाठ्यक्रम-*** पाठ्यक्रम सिकाइको योजना हो। जसले निश्चित शैक्षिक उद्देश्यहरू प्राप्त गर्न सिकाइ अनुभवहरू छनोट गर्ने र यी उद्देश्यहरू पूरा भएको नभएको मूल्याङ्कन गर्ने योजना हो। शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि अपेक्षित उद्देश्य हासिल गर्न पाठ्यक्रम उपयोगी हुन्छ। यसबाट शिक्षणलाई योजनाबद्ध तरिकाबाट व्यवस्थित गर्न सहयोग गर्दछ।

***पाठ्यपुस्तक-*** पाठ्यपुस्तक भनेको पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने दृष्टिले तयार पारिएको सामग्री हो। पाठ्यक्रममा निर्दिष्ट गरिएका

विषयवस्तुका आधारमा पाठ्यपुस्तक तयार गरिएको हुन्छ । यसले शिक्षणलाई सु-व्यवस्थित बनाउन सहयोग गर्छ । हाल नेपालमा यसको बढी भन्दा बढी उपयोगमा ल्याउने प्रचलन देखिन्छ ।

***शिक्षक निर्देशिका-*** शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि सहयोग पुऱ्याउने शिक्षण सामग्रीका रूपमा शिक्षक निर्देशिकालाई लिन सकिन्छ । यसले शिक्षकलाई मार्गदर्शन गरी कुन विषयवस्तुलाई कुन उद्देश्यबाट कस्ता कार्यकलाप तथा विधि र मूल्याङ्कन प्रविधिको प्रयोग गर्दा राम्रो हुन्छ भन्ने कुराको अभ्यास गराउँछ ।

**स्पर्श सामग्री -** छुन, चलाउन र खेलाउन सकिने सामग्रीहरू यस अन्तर्गत पर्दछन्, जस्तैः चिल्लो, चिप्लो, नरम, कडा, खस्रो, अमिलो, बाक्लो, पातलो नुनिलो, तितो आदि । यस्ता सामग्रीको प्रयोग विशेष गरी विशेष क्षमता भएका सिकारुका लागि उत्तम मानिन्छ ( खनिया, २०७५, पृ.१३०) । यसले सिकाइलाई थप मजबुत बनाउनका लागि मदत गर्दछ ।

**प्रायोगिक कार्यहरूको पर्यावलोकन**

यसमा आफू भन्दा अगाडि भएका कार्यहरूको संक्षिप्त रूपमा कालक्रमिक विवरण र समीक्षा गरिएको छ । प्रायोगिक कार्यअन्तर्गत पुस्तकसम्बद्ध स्रोत र शोध अध्ययन सम्बद्ध स्रोतबाट लिएका सामग्रीहरूको सङ्क्षिप्त पर्यावलोकन गरिएको छ ।

**पुस्तकसम्बद्ध स्रोत**

पोखरेल, काफ्ले र दाहाल (२०६९) ले *नेपाली भाषाशिक्षण* भन्ने पुस्तकमा नेपाली भाषाशिक्षणमा आधार सामग्री र सहायक सामग्री गरी दुई प्रकारका छन् । आधार सामग्री अन्तर्गत पाठ्यक्रम, पाठ्यपुस्तक आदि पर्दछन् भने सहायक सामग्रीभित्र मौखिक, श्रव्य, दृश्य आदि जस्ता सामग्री पर्दछन् । जसले सिकाइलाई उपलब्धिपूर्ण उद्देश्योन्मुख र प्रभावकारी बनाउन मदत गर्दछ । यस्ता सामग्रीको प्रयोगले सम्पूर्ण भाषिक सिपको शिक्षण गर्न र सिकाइ मजबुत बनाउन सहज हुन्छ भन्ने विश्वास गर्न सकिन्छ । यसबाट प्रस्तुत अध्ययनमा सामाग्रीको उपयोगिता र प्रकारसम्बन्धी कुरा उल्लेख गरिएको छ जसले गर्दा अध्ययन गर्न सहज भएको छ ।

ढकाल (२०७४) ले *नेपाली भाषाशिक्षण : परिचय र प्रयोग* भन्ने पुस्तकमा नेपाली शिक्षणमा प्रयोग गर्न सकिने शिक्षण सामग्रीमा शिक्षण सहायक सामग्रीको वर्गीकरण भनेर

उल्लेख गरिएको छ । जसमा श्रव्य सामग्रीमा रेडियो, टेपरेकर्डर, टेलिफोन, ग्रामोफोन, लिङ्ग्वाफोन र मोबाइल पर्ने दृश्य सामग्रीमा वास्तविक वस्तु, प्रतिमूर्ति, चित्र, नक्सा, सङ्ग्रहालय, भित्ते पाटी, फलाटिन पाटी, स्लाइड, होडिङ बोर्ड, गोजी तालीका, चिडियाखाना, क्यालेण्डर, प्रोजेक्टर । सूचना पाटी पर्दछन् । त्यसैगरी श्रव्यदृश्य सामग्रीमा दूर दर्शन, चलचित्र, डकुमेन्टरी, भिडियो, कम्प्युटर र ल्यापटप जस्ता सामग्री पर्दछन् र पाठ्य सामग्रीमा पाठ्य पुस्तक, सन्दर्भ पुस्तक, शिक्षक निर्देशिका, पाठ्यक्रम, पत्रपत्रिका, अभ्यास पुस्तिका, पर्चा, पोस्टर, तालिका, शब्दार्थ पत्ती आदि पर्दछन् । यस्ता सामग्रीको प्रयोगले विद्यार्थीले छिटो भन्दा छिटो सिकाइ आर्जन गर्दछ । भाषा सिक्नका लागि यी सामग्रीहरूले निकै राम्रो भूमिका खेल्दछ । यसबाट अझ फरक तबरबाट सामग्रीको विभाजन गर्न र आवश्यकतासम्बन्धी कुराहरू थाहा पाउन सहज भएको छ ।

खनिया (२०७५) ले *नेपाली भाषाशिक्षण सिद्धान्त र प्रयोग* भन्ने पुस्तकमा नेपाली शिक्षणमा प्रयोग गर्न सकिने शिक्षण सामग्रीहरू भन्ने पाठ्यवस्तुअन्तर्गत भाषाशिक्षणमा शिक्षण सहायक सामग्रीका रूपमा कालोपाटी, चक डस्टर जस्ता दैनिक प्रयोगका सामग्रीहरू, चित्र, विभिन्न पत्तीहरू, प्रतिमूर्ति आदि शिक्षक निर्मित सामग्री तथा रेडियो, टिभी, स्लाइड, भिडियो जस्ता सामग्री विद्यार्थी केन्द्रित छन् भनी उल्लेख गरेका छन् । यसमा नेपाली भाषाको शिक्षण गर्दा यस्ता सामग्रीको उपयोग ठिक ढङ्गले गर्नुपर्ने कुरामा जोड दिइएको छ । शैक्षिक सामग्रीलाई मौखिक, श्रव्य, दृश्य, श्रव्य दृश्य तथा स्पर्श सामग्रीका साथै नवीन शिक्षण प्रविधिहरू,जस्तै- भाषिक खेलहरू, भाषा प्रयोगशाला, कार्यक्रमवद्ध सिकाइ र कम्प्युटर प्रविधिको उपयोग गरी शिक्षणलाई प्रभावकारी वनाउन सकिने कुरासमेत उल्लेख गरिएको छ । यसबाट प्रस्तुत अध्ययनमा शैक्षिक सामग्रीका प्रकार र आवश्यकतासम्बन्धी जानकारीका लागि सहयोग पुगेको छ ।

ढकाल र खतिवडा (२०७५) ले *नेपाली भाषाशिक्षण* भन्ने पुस्तकमा नेपाली शिक्षणमा प्रयोग गर्न सकिने शिक्षण सामग्रीका सामान्य प्रकार भनेर मौखिक, श्रव्य, दृश्य, श्रव्यदृश्य र पाठ्य गरी विभाजन गरेका छन् । मौखिक सामग्री अन्तर्गत प्रश्न, उदाहरण, निर्देशन, पृष्ठपोषण र प्रेरणा पर्दछन् । यी सामग्रीको सही प्रयोगबाट सिकाइ दिगो र प्रभावकारी बनाउन मदत गर्दछ । त्यसै गरी श्रव्य सामग्रीमा रेडियो, टेपरेकर्डर, टेलिफोन, आइप्याड र मोबाइल पर्दछन् । दृश्य सामग्रीमा पाटी, फलाटिन पाटी, चुम्बकीय पाटी,

प्रोजेक्टर, गोजी तालिका, प्रतिमूर्ति, तालिका र टाँस र श्रव्य दृश्य सामग्रीमा कम्प्युटर, टेलिभिजन र चलचित्र तथा पाठ्य सामग्रीमा पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भपुस्तक, शिक्षक निर्देशिका, पत्रपत्रिका, पर्चा, पोस्टर, तालिका र शव्दार्थ पत्ती रहेका छन् । यस्ता सम्पूर्ण सामग्रीको प्रयोगबाट शिक्षण सिकाइ रोचक हुन्छ । यसबाट प्रस्तुत अध्ययनमा शैक्षिक सामग्रीका प्रकार र आवश्यकतासम्बन्धी जानकारीका लागि सहयोग पुगेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७९) को *शिक्षाको सोच पत्र* मा नेपाली भाषाशिक्षणसम्बन्धी बहुभाषिक सामग्रीको विकास गर्ने कुरा उल्लेख गरेको छ । त्यसै गरी प्रविधियुक्त सामग्री तथा अनलाइन अफलाइन हेर्नसक्ने गरी सामग्री निर्माण गरी शिक्षण सिकाइ प्रभावकारी बनाउने कुरा प्रस्तुत छ । यसबाट प्रस्तुत अध्ययनमा नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीसम्बन्धी सरकारी तबरबाट गरेको प्रयास बारे जानकारीका लागि सहयोग पुगेको छ ।

**शोध अध्ययनसम्बद्ध स्रोत**

पण्डित (२०६६), द्वारा *सामुदायिक तथा संस्थागत विद्यालय अन्तर्गत कक्षा १० को नेपाली भाषाशिक्षणमा शिक्षण सामग्री प्रयोगावस्थाको तुलनात्मक अध्ययन* नामक अप्रकाशित शोधपत्रमा कास्की जिल्ला लेखनाथ नगरपालिकाका सामुदायिक विद्यालय पाँचवटा र संस्थागत विद्यालय पाँचवटा गरी १० वटा विद्यालयभित्र कक्षा १० मा अध्ययनरत विद्यार्थीहरू माझमा शिक्षण सामग्री प्रयोगको प्रभावकारिताको अध्ययन गरिएको छ । यस अध्ययनमा माध्यमिक तह सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयअर्न्तगत कक्षा १० को नेपाली शिक्षण सामग्री प्रयोगको प्रभावकारिताको पहिल्याउनु, निर्दिष्ट कक्षाको नेपाली विषयको पठनपाठनमा शिक्षण सामग्री प्रयोगको भूमिका निर्क्योल गर्नु, सामुदायिक तथा संस्थागत विद्यालयहरूमध्ये कुनमा शिक्षण सामग्री प्रयोगको प्रभावकारिता पत्ता लगाउनु जस्ता उद्देश्य रहेका छ । यस अध्ययनमा क्षेत्रीय प्रयोगात्मक विधि तथा पुस्तकालयीय विधिको प्रयोग गरी कक्षा १० मा अध्ययनरत मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको विचमा शिक्षण सामग्री प्रयोगको प्रभावकारिताको तुलनात्मक अध्ययन गर्दा विमातृभाषी विद्यार्थीहरूको भन्दा मातृभाषी विद्यार्थीहरूको सामग्री प्रयोग अवस्था बढी देखिएको छ । त्यसैगरी सामुदायिक र संस्थागत विद्यालयको कोण बाट हेर्दा सामुदायिक भन्दा संस्थागत विद्यालयको केही कम मात्रामा देखिन्छ र लैङ्गिक आधारमा तुलना गर्दा छात्र

भन्दा छात्राको सन्तोषजनक देखिएको छ । प्रस्तुत अध्ययनमा मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरेकोमा मातृभाषी विद्यार्थीहरूलाई कसरी उनीहरूको आवश्यकतामा आधारित सामग्रीप्रति कसरी जोड दिन सकिन्छ भन्ने कुरा यस अध्ययनको कमजोरी पक्ष हो । यसबाट शिक्षण सामग्री प्रयोगको प्रभावकारिता, शिक्षण सामग्री प्रयोगको भूमिका र विमातृभाषी सामग्री अभावका मूलकारण तथा आगामी दिनमा सामग्रीको उपयुक्त व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने बारेको जानकारीका लागि सहयोग पुगेको छ ।

घिमिरे (२०६७), द्वारा *दोलखा जिल्लाका सामुदायिक र संस्थागत विद्यालय अन्तर्गत कक्षा नौको नेपाली भाषाशिक्षणमा शिक्षण सामग्रीहरूको प्रभावकारिताको तुलनात्मक अध्ययन* शोधपत्रतयार गरी अध्ययन गरिएको छ ।। उक्त शोध पत्रमा दोलखा जिल्लाका सामुदायिक र संस्थागत विद्यालय अन्तर्गत कक्षा नौको नेपाली भाषाशिक्षणमा शिक्षण सामग्रीको प्रयोग अवस्था पहिल्याउनु, भाषाशिक्षणमा शिक्षण प्रयोग हुन सक्ने सामग्रीहरूको निरूपण गर्नु उद्देश्य रहेको यस अध्ययनमा शिक्षण सामग्री प्रयोगको अवस्था निरूपण शिक्षण सामग्री प्रयोगको प्रभावकारितासम्बन्धी उल्लेख गरिएको छ । अध्ययनमा क्षेत्रीय अध्ययन विधि प्रयोग गरी विद्यालयगत स्थिति र लैङ्गिक स्थितिको तुलना गरिएको छ । यसरी गरिएको तुलनामा छात्रा भन्दा छात्र बढी मात्रामा अगाडी देखिन्छ । प्रस्तुत अध्ययनमा लैङ्गिक स्थितिको तुलना गर्दै गर्दा छात्रा भन्दा छात्र बढी मात्रामा अगाडि जानुको कारण अध्ययन हुन सकेको छैन । यस कुराको अध्ययन नहुनु यस शोधपत्रको कमजोर पक्ष हो । यसबाट हालसम्म पनि छात्रको तुलनामा छात्रा अझै पछाडि रहेको र यसलाई सुधार गरेर अगाडि जानु पर्ने कुराको जानकारीका लागि सहयोग पुगेको छ ।

शर्मा, (२०६७), द्वारा *सल्यान जिल्लाका विद्यालयहरूमा कक्षा दुईमा नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन* नामक शोध पत्र तयार गरी अध्ययन गरिएको छ । यस अध्ययनमा भाषाशिक्षणमा शैक्षिक सामग्रीका महत्त्व बताउनु र आवश्यक केही शैक्षिक सामग्रीको परिचय दिनु, भाषाशिक्षणमा शैक्षिक सामग्रीको प्रयोग भए नभएको सर्वेक्षण गर्नु, भाषाशिक्षणमा शैक्षिक सामग्रीको प्रयोग भएका शैक्षिक सामग्रीको वर्गीकरण तथा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूबीच शैक्षिक सामग्रीको प्रयोगमा देखिएको भिन्नता पहिचान गर्नु उद्देश्य रहेको छ । यस अध्ययनमा सल्यान जिल्लाका विद्यालयहरूमा कक्षा दुईमा नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययनमा १५ वटा

विद्यालयहरूमा क्षेत्रीय अध्ययन विधि प्रयोग भएको छ । अध्ययनमा विद्यालयहरूमा शैक्षिक सामग्रीका रूपमा कालोपाटी र पाठ्यपुस्तकलाई मात्र मुख्य रूपमा प्रयोग गरेको तर अन्य सामग्री प्रयोग देखिँदैन । प्रस्तुत अध्ययनमा आधुनिक प्रविधिमा आधारित सामाग्रीको र स्थानीय स्तरमा उपलब्ध कम मूल्य पर्ने सामग्रीको अवस्था अध्ययनमा कमी छ । यसबाट शैक्षिक सामग्रीको प्रयोगमा समय सापेक्ष सुधार गरी विधुतीय शैक्षिक सामग्रीको प्रयोग पनि आवश्यक छ भन्ने कुराको जानकारीका लागि सहयोग पुगेको छ ।

चन्द्र (२०६८) द्वारा *बाँके जिल्लाका विद्यालयहरूमा कक्षा ९ मा नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको उपयोगीता को अध्ययन* नामक शोध पत्र तयार गरी अध्ययन गरिएको छ ।यो अध्ययनमा कक्षा ९ मा नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोगको स्थिति पत्ता लगाउनु र कक्षा शिक्षण गर्ने तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरू बिच शैक्षिक सामग्री प्रयोगमा भिन्नता पहिचान गर्नु जस्ता उद्देश्य रहेको छ । यस अध्ययनमा गुणात्मक ढाँचाअन्तर्गत स्थलगत अध्ययन र वर्णनात्मक विधि अवलम्बन गरिएको छ । उक्त अध्ययनमा शैक्षिक सामग्रीका रूपमा पाठ्यपुस्तक र कालोपाटीको बढी प्रयोग गरिएको र विधुतीय शैक्षिक सामग्रीको प्रयोग नभएको निष्कर्ष प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरू बिच शैक्षिक सामग्री प्रयोगमा भिन्नता आउनुको कारण र शिक्षकलाई तालिमको अभाव हुनुको कारण अध्ययनलाई जोड्न सकिएको छैन जुन यस शोधपत्रको कमजोर पक्ष हो । शैक्षिक सामग्रीका रूपमा पाठ्यपुस्तक र कालोपाटीको बढी प्रयोग गर्दै गर्दा विधुतीय शैक्षिक सामग्रीको प्रयोग पनि आवश्यक छ भन्ने कुराका लागि सहयोग पुगेको छ ।

आचार्य (२०६९), द्वारा *नेपाली भाषाशिक्षणमा शिक्षण सामग्रीहरूको प्रयोग* भन्ने शोधपत्रमा तनहुँ जिल्ला भित्र रहेका सामुदायिक र संस्थागत विद्यालय गरी जम्मा १०३ माध्यमिक विद्यालयहरूमध्ये पाँच वटा माध्यमिक विद्यालयहरू छनोट गरिएको छ । सामग्री प्रयोगको अवस्था पत्ता लगाउनु उद्देश्य रहेको यस अध्ययनमा क्षेत्रिय अध्ययन विधि तथा वर्णनात्मक विधि प्रयोग गरिएको छ । सम्पूर्ण विद्यालयहरूको सामग्री प्रयोगसम्बन्धी समग्र अवस्था हेर्दा प्राय विद्यालयहरूमा सामग्री कै अभाव र तालिम प्राप्त शिक्षकको अभावले सिकाइ राम्रो हुन नसकेको देखापरेको छ । प्रस्तुत शोधत्रमा सामग्री प्रयोगको अवस्थाका बारेमा मात्रै अध्ययन सीमित हुँदा सहयोगी निकाय र स्थानीय सामग्रीको प्रयोग अवस्थाका

सम्बन्धमा अध्ययन नहुनु यस शोधपत्रको कमजोर पक्ष देखिन्छ । यसरी यस अध्ययनबाट वर्तमान शिक्षा क्षेत्रमा शैक्षिक सामग्री प्रयोग अवस्था र आगामी दिनमा के कसरी अगाडि बढ्न सकिन्छ भन्ने कुराको जानकारीका लागि सहयोग पुगेको छ ।

लामिछाने (२०६९), द्वारा *कक्षा आठमा भाषाशिक्षण गर्दा प्रयोग हुने शैक्षिक सामग्रीको अध्ययन* नामक शोधपत्र तयार गरी अध्ययन गरिएको छ । कक्षा आठमा भाषाशिक्षण गर्दा प्रयोग हुने शैक्षिक सामग्रीको प्रयोग अवस्था पहिल्याउनु, नेपाली भाषाशिक्षणमा प्रयोग हुन सक्ने सामग्रीहरूको निरूपण गर्नु, नेपाली भाषाशिक्षणमा शिक्षण सामग्रीको प्रयोग अवस्थामा सुधार ल्याउन आवश्यक उपायहरू सुझाउनु उद्देश्य रहेको छ । यस अध्ययनमा निम्न माध्यमिक विद्यालय तहका सामुदायिक र संस्थागत विद्यालय कक्षा आठमा भाषाशिक्षण गर्दा प्रयोग हुने सामग्रीको अवस्था हेरिएको छ । क्षेत्रिय अध्ययन विधि तथा वर्णनात्मक विधि प्रयोग गरिएको यस अध्ययनमा सामुदायिक भन्दा संस्थागत विद्यालयमा राम्रो अवस्था देखिन्छ । यस अध्ययनमा सामुदायिक भन्दा संस्थागत विद्यालयमा राम्रो अवस्था देखिनाको कारण र आधुनिक प्रविधिमा आधारित सामग्रीको अवस्था अध्ययनको कमि यस शोधपत्रमा रहेको छ । यसबाट सामग्रीको प्रयोग अवस्थामा सुधार ल्याउन आवश्यक उपायहरू तथा भाषाशिक्षणमा प्रयोग हुन सक्ने सामग्रीहरूको निरूपण जस्ता कुराको जानकारीका लागि सहयोग पुगेको छ ।

खड्का (२०७१) द्वारा *काठमाडौं जिल्लाका पूर्वी क्षेत्रका प्राथमिक विद्यालयमा नेपाली शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन* शोधपत्र तयार गरी अध्ययन गरेको पाइन्छ । उक्त शोधपत्रमा शैक्षिक सामग्रीको परिचयर महत्त्व पत्ता लगाउनु, प्रा.वि तहमा नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरिने सामग्रीको सर्वेक्षण गर्नु र शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरू पत्ता लगाउनु गरी तिन उद्देश्य निर्धारण गरी शैक्षिक सामग्रीको अभाव भएको कुरा अध्ययनमा देखिएको छ । गुणात्मक ढाँचाअन्तर्गत स्थलगत अध्ययन र वर्णनात्मक विधि अवलम्बन गरिएको छ । यस अध्ययनमा सामग्रीको प्रयोग अझै परम्परागत ढङ्गले शिक्षण भइरहेको तथा प्रयोगमा आर्थिक, भौतिक समस्या, शिक्षक तालिमको अभाव जस्ता समस्या देखापरेको देखिन्छ । यस्तो अवस्थामा शिक्षकलाई तालिमको अनिवार्य व्यवस्था गर्नुपर्ने कुरा उल्लेख छ । अध्ययनमा प्रस्तुत शोधपत्रमा सामग्री प्रयोगको अवस्थाका बारेमा मात्रै अध्ययन सीमित हुँदा सहयोगी निकाय र स्थानीय

सामग्रीको प्रयोग अवस्थाका सम्बन्धमा अध्ययन नहुनु यस शोधपत्रको कमजोर पक्ष देखिन्छ । यसरी यस अध्ययनबाट वर्तमान शिक्षा क्षेत्रमा शिक्षक तालिमको अवस्था र आगामी दिनमा के कसरी अगाडि बढ्न सकिन्छ भन्ने कुरो जानकारीका लागि सहयोग पुगेको छ ।

भुजेल (२०७२) द्वारा *नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था* नामक शोधपत्रमा दोलखा जिल्ला भिमेश्वर नगरपालिकाअर्न्तगत पर्ने प्राथमिक तह कक्षा तीनमा नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन गरिएको छ । यसमा नेपाली भाषाको शिक्षणमा प्रयोग गरिने सामग्रीको महत्त्व बताउनु, प्रा.वि तहको कक्षा तिनको नेपाली भाषाशिक्षणका सन्दर्भमा प्रयोग भएका शैक्षिक सामग्रीको सर्वेक्षण गर्नु, र नेपाली भाषाको शिक्षणमा शैक्षिक सामग्रीको सान्दर्भिकता पत्ता लगाउनु गरी तिन उद्देश्य निर्धारण गरिएको छ । चार सामुदायिक र चार संस्थागत विद्यालयमा गई सोद्देश्यपूर्ण विधिबाट नमुना छनोट गरिएको छ । गुणात्मक ढाँचाअन्तर्गत स्थलगत अध्ययन र वर्णनात्मक विधि अवलम्बन गरिएको यस अध्ययनबाट सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयले शैक्षिक सामग्री बढी प्रयोग गर्ने गरेको तर यो नियमित नभई आवश्यक परेको बेला मात्रै गर्ने गरेको निष्कर्ष निकालिएको छ । त्यस्तै यसमा सामुदायिक विद्यालय सामग्री प्रयोग गर्ने कुरामा अगाडि हुनुपर्ने तर सीमित स्रोत साधनका कारण पछाडि परेको निष्कर्ष प्रस्तुत गरिएको छ । यसमा वर्तमान समयमा ग्रामीण क्षेत्रका नेपाली भाषाशिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोगलाई कसरी आधुनिक प्रविधिसँग जोड्न सकिन्छ तथा स्थानीय स्तरमा पाइने सामग्रीको प्रयोग अवस्था के रहेछ भन्ने कुराको अध्ययनलाई जोड्न सकिएको छैन जुन यस शोधपत्रको कमजोर पक्ष हो । यसबाट नेपाली भाषाको शिक्षण सिकाइमा शैक्षिक सामग्रीको महत्त्व, सिकाइ उपलब्धि वृद्धिमा यसको औचित्य, सामुदायिक विद्यालयमा सामग्री अभावका मूल कारण, स्थानीय तहबाट त्यस्ता सामग्रीहरू उपलब्धताको अवस्था तथा आगामी दिनमा उपयुक्त व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने बारेको जानकारीका लागि सहयोग पुगेको छ ।

रेग्मी (२०७५) द्वारा *कक्षा आठको नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीको प्रयोग र प्रभावकारिता* शोधपत्र प्रस्तुत गरी अध्ययन गरेको छ । उक्त शोधपत्रमा शैक्षिक सामग्रीको परिचय तथा कक्षा आठको नेपाली भाषाशिक्षणमा शिक्षकहरूले प्रयोग गरेको शैक्षिक

सामग्रीको स्थिति पत्ता लगाउनु आभारभूत तह कक्षा आठको नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीमा पारेको प्रभाव पत्ता लगाउनु र नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीको प्रयोगमा समय सापेक्ष सुधारका लागि सुझाव दिन जस्ता उद्देश्यमा आधारित अध्ययन गरिएको छ। अध्ययनमा झापा जिल्लाका १० वटा विद्यालयमा ६० जना विद्यार्थी छनोट गरी क्षेत्रीय अध्ययन विधि र यादृच्छिक नमुना छनोट विधि प्रयोग भएको छ। शिक्षक र विद्यार्थीबाट प्रश्नावली मार्फत तथ्याङ्क सङ्कलन गरी निष्कर्ष प्रस्तुत गरिएको छ। अध्ययनमा विद्यालयहरूमा शैक्षिक सामग्रीका रूपमा पाठ्यपुस्तकलाई मुख्य रूपमा प्रयोग गरेको तर अन्य सामग्री उल्लेख्य रूपमा प्रयोग पाइएन। प्रस्तुत शोधत्रमा सामग्री प्रयोगले विद्यार्थीमा पारेको प्रभाव बारेमा मात्रै अध्ययन सीमित हुँदा प्रभावकारी शिक्षणका लागि स्थानीय सामग्रीको प्रयोग अवस्थाका सम्बन्धमा अध्ययन नहुनु यस शोधपत्रको कमजोर पक्ष देखिन्छ। यसरी यस अध्ययनबाट वर्तमान समयमा शिक्षण सामग्रीले विद्यार्थीमा पारेको प्रभाव शैक्षिक सामग्रीको प्रयोगमा समय सापेक्ष सुधारका लागि आगामी दिनमा के कसरी अगाडि बढ्न सकिन्छ भन्ने कुराको जानकारीका लागि सहयोग पुगेको छ।

**पूर्वकार्य पर्यावलोकनको उपयोगिता** : पूर्वकार्यको पर्यावलोकन भन्नाले अनुसन्धानकर्ताले आफ्नो अध्ययनसँग सम्बन्धित अनुसन्धानहरू तथा सैद्धान्तिक कार्यहरूको समीक्षा गर्नु हो। पूर्वकार्यको पर्यावलोकनले अनुसन्धानकर्तालाई आफ्नो कार्यलाई परिभाषित गर्न, परीक्षण गर्न, योजना निर्माण गर्न, सबल र दुर्बल पक्षको पहिचान गर्न र सामग्रीलाई कोडीकरण गर्नका निम्ति सहयोग गर्दछ (दाहाल र निरौला, २०७३, पृ.२२४)। यसरी पूर्वकार्यको पर्यावलोकनले यस अध्ययनमा पनि निकै सहयोग पुऱ्याएको छ।

कुनै पनि शोध कार्यको अध्ययन गर्नु भन्दा पहिले पूर्वकार्यको अध्ययन गर्नु जरुरी हुन्छ। यसमा आफू भन्दा अगाडि भएका कार्यहरूको संक्षिप्त रूपमा कालक्रमिक विवरण र समीक्षा हुन्छ। सकारात्मक कुराको समर्थन तथा नकारात्मक कुराको खण्डन गरिन्छ। समीक्षा शिष्ट र सभ्य भाषामा हुन्छ। जसले पुनरावृतिको सम्भावना हटाउने काम गर्दै नयाँ कार्य थालनीको लागि सैद्धान्तिक आधार प्राप्त हुन्छ र प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषणका लागि आधार प्रदान गर्दछ।

अध्ययनका समयमा सम्बन्धित विषयमा त्यस भन्दा अगाडि सम्पन्न भएका कार्यहरूको अध्ययन गर्नु पूर्वकार्यको समीक्षा हो । अनुसन्धान गर्दा सम्बन्धित विषयमा त्यस भन्दा अघि गरिएका कार्यहरू पुस्तक, लेख, पत्रपत्रिका र शोधप्रबन्ध आदिको अध्ययन पूर्वकार्यको पर्यावलोकनमा गरिन्छ (बन्धु, २०६५, पृ.२७) । यसबाट पूर्वकार्यको पर्यावलोकन गरी अध्ययन गर्न निकै मदत पुग्छ । नेपाली भाषाशिक्षण शैक्षिक सामग्रीसँग सम्बन्धित सम्पूर्ण पुस्तकसम्बद्ध स्रोत र शोध अध्ययनसम्बद्ध स्रोतहरूको पर्यावलोकनबाट यस अध्ययनलाई सहयोग गरेको छ ।


कुनै कामलाई सफल र प्रभावकारी तरिकाले अध्ययन गर्नका लागि शीर्षकसँग सम्बन्धित पहिले गरेका कामहरूको बारेमा अध्ययन गर्नु उपयुक्त मानिन्छ । यसमा विगतमा अध्ययन गरिएका शोध अध्ययन, विभिन्न पुस्तकहरू, लेखहरू तथा विज्ञहरूको भनाइ जस्ता कुराहरूको सकारात्मक तथा नकारात्मक पक्षको समीक्षा गर्ने काम हुन्छ । जसले पुनरावृतिको सम्भावना हटाउने काम गर्दै नयाँ कार्य थालनीको लागि सैद्धान्तिक आधार प्राप्त भएको छ । यसले सूचनाहरूको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गर्ने तौर तरिका प्राप्त भएको छ ।

समग्रमा पूर्वकार्य पर्यावलोकनले प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार निर्माण गर्न मदत गरेको छ । यसबाट अवधारणात्मक ढाँचा निर्माण गर्न सहज भएको छ । यसले शोधार्थीलाई समस्याको पहिचान, शोधप्रश्न निर्माण, उद्देश्य निर्धारण, परिसीमा चयन र अनुसन्धान ढाँचा तथा सूचना विश्लेषणका लागि विधि, प्रविधि र प्रक्रिया छनोटमा मदत प्राप्त भएको छ । त्यसैगरी यसले अध्येतालाई स्रोतहरूको पहिचान, नमुना छनोट, सामग्री निर्माण, सामग्रीहरूको निर्मलीकरण र कार्यान्वयन, सूचनाहरूको व्यवस्थापन र विश्लेषण तथा प्राप्ति र निष्कर्षको प्रस्तुतिमा सहयोग पुर्‍याएको छ ।

**अध्ययनको अवधारणात्मक ढाँचा**

यस अध्ययनमा गुणात्मक ढाँचाको प्रयोग गरिएको छ । प्रस्तुत ढाँचाभित्र कक्षा पाँचको नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री उपलब्धता अवस्था र शैक्षिक सामग्री प्रयोगावस्थाको अध्ययन गरिएको छ । सामग्रीको स्रोतअन्तर्गत प्राथमिक र द्वितीयक तथा तथ्याङ्क सङ्कलनका साधनमा अवलोकन फाराम र प्रश्नावलीको प्रयोग गरिएको छ ।

यसमा वर्णनात्मक विधि तथा स्थलगत पद्धति रहेका छन् । प्रस्तुत अध्ययनलाई अगाडि बढाउनका लागि निम्नलिखित ढाँचा अवलम्बन गरिएको छ :




*चित्र एक*

अध्ययनको अवधारणात्मक ढाँचा

# अध्याय तीन

# अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अध्यायमा अध्ययनको ढाँचा, सामग्रीका स्रोत, जनसङ्ख्या र नमुना, सामग्री निर्माण, सामग्रीहरूको कार्यान्वयन, सामग्रीहरूको निर्मलीकरण, सामग्रीहरूको व्यवस्थापन र विश्लेषण उपशीर्षकहरू रहेकाछन् ।

## अनुसन्धान ढाँचा

अनुसन्धान कार्यलाई उद्देश्य मूलक बनाउनका लागि अध्ययनको ढाँचा, विधि, प्रविधि र प्रक्रिया उपयोगी मानिन्छन् । यसमा प्राप्त गुणात्मक तथ्याङ्कहरूको विश्लेषणका लागि गुणात्मक ढाँचा अवलम्बन गरिएको छ । यस अन्तर्गत रही परिमाणात्मक तथ्याङ्कहरूलाई वर्गीकरण र तालिकीकरण गरी विश्लेषण गरिएको छ । प्राथमिक सूचनाका लागि स्थलगत अध्ययन पद्धति अपनाइएको छ । द्वितीयक सूचनाका लागि पुस्तकालयीय अध्ययन पद्धति रोजिएको छ ।

## सामग्रीका स्रोत

यस अध्ययनमा प्राथमिक स्रोतअन्तर्गत प्रश्नावली भराएर तथा आफैं अवलोकन फाराम भरि सङ्कलन गरिएका छन् । त्यस्तै पुस्तकालयीय अध्ययनबाट लिइएका पुस्तक तथा शोध अध्ययनसम्बद्ध सामग्रीहरू द्वितीयक स्रोतअन्तर्गत राखिएका छन् ।

## जनसङ्ख्या र नमुना

प्रस्तुत अध्ययनका लागि गण्डकी प्रदेश गोरखा जिल्लाअन्तर्गत पर्ने आरुघाट गाउँपालिकाभित्र रहेका १० वटा सामुदायिक विद्यालयहरूलाई नमुना विद्यालयका रूपमा लिइएको छ । ती विद्यालयमा अध्यापनरत १० जना शिक्षकलाई नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएको छ । नमुना जनसङ्ख्याका रूपमा छनोट गर्न सकिने धेरै विद्यालयहरू भएपनि सीमित क्षेत्रमा तथ्य सूचना प्राप्त गर्नका लागि १० वटा विद्यालयहरू गणेश मा.वि., सिद्धार्थ वनस्थली आ.वि., चन्द्रोदय आ.वि र विष्णु आ.वि., भवानी मा.वि., बाल उदय आ.वि. कल्लेरी आ.वि. अलैचें मा.वि., इन्द्रकन्या मा.वि. र सिद्धदेवि मा.वि. गरी जम्मा १० वटा विद्यालय मात्रै सोद्देश्यमूलक ढङ्गबाट जनसङ्ख्या र नमुना छनोट गरिएको छ ।

**सामग्री निर्माण**

प्रस्तुत अध्ययनलाई वैज्ञानिक र व्यवस्थित बनाउनका लागि समस्या र उद्देश्यमा केन्द्रित गर्न भाषिक सिप तथा अध्ययनको ढाँचा सम्बद्ध आरेख र सूचनाहरूको प्रकृतिअनुसारका विभिन्न उपशिर्षक र तालिकाहरू निर्माण गरिएका छन् । नेपाली विषय शिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था र उपलब्धता अवस्था हेर्नका लागि वर्णनात्मक विश्लेषणका निम्ति गुणात्मक सूचनालाई आवश्यक पर्ने उक्त सामग्री निर्माणको काम अध्ययनका उद्देश्य र अध्ययनको वैधतालाई ध्यानमा राखेर सम्पन्न गरिएको छ । आवश्यक सामग्री निर्माण गर्दा प्रश्नावली र कक्षा अवलोकन मार्फत सूचना सङ्कलन गरी गुणात्मक सूचना कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिइएको छ ।

**सामग्रीहरूको कार्यान्वयन**

यस शोध अध्ययनलाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्नका लागि आरुघाट गाँउपालिकाभित्र पर्ने दशवटा सामुदायिक विद्यालयका आधारभूत तह कक्षा पाँचमा अध्यापन गर्ने १० जना विषय शिक्षकहरूलाई लिइएको छ । प्रश्नावली मार्फत सूचना सङ्कलन गरी सोही सूचना मिल्दो छ कि छैन भनेर अनुसन्धानदाता स्वयम् भाषा शिक्षककै कक्षामा कक्षा अवलोकन गरिएको छ । सङ्कलन गरिएको सूचनाहरूको व्याख्या तथा विश्लेषण गरी कार्यान्वयन गर्ने प्रयास गरिएको छ ।

**सूचना सङ्कलन**

प्रस्तुत अध्ययन तयार गर्नका लागि गोरखा जिल्लाका आरुघाट गाँउपालिकाभित्र पर्ने दश वटा सामुदायिक विद्यालयका आधारभूत तह कक्षा पाँचमा अध्यापन गर्ने १० जना विषय शिक्षकहरूलाई प्रश्नावली भराइ सूचना लिने र कक्षा अवलोकन मार्फत सूचना सङ्कलन गरिएको छ । यस क्रममा सम्पूर्ण विषय शिक्षकहरूलाई एउटै खालका प्रश्नहरू शोधिएको थियो । प्रश्नको उत्तरका निम्ति चार वटा विकल्पहरू (क, ख, ग, घ) दिइएका थिए । विषय शिक्षकहरूको कक्षा अवलोकन गर्दा पनि पाँच वटा (अत्युत्तम, उत्तम, मध्यम, न्यून र अति न्यून) विकल्पको व्यवस्था अवलोकन फाराममा गरिएको थियो ।

## सूचनाहरूको निर्मलीकरण

यस शोध अध्ययनमा चाहिने तथ्यहरूका लागि प्राथमिक स्रोत र द्वितीयक स्रोतका आधारमा शिक्षकको प्रतिक्रिया तथा नेपाली भाषाशिक्षण सिकाइमा शैक्षिक सामग्री उपलब्धताको अवस्था सम्बद्ध प्रत्यक्ष कक्षा अवलोकन फाराम भर्ने कार्य गरिएको थियो । उपलब्धता र प्रयोगको आधारमा यसरी सङ्कलन गरिएका तथ्यहरूलाई आवश्यकताअनुसार राख्ने र अनावश्यक अन्य क्षेत्रसँग सम्बन्धित सामग्रीलाई हटाउने काम गरिएको थियो ।

## सूचनाहरूको व्यवस्थापन र विश्लेषण

प्रस्तुत शोधकार्यमा शिक्षकहरूबाट प्रश्नावली भराएर तथा कक्षा अवलोकन गरिएको छ । प्राप्त सूचनाहरूलाई योजना अनुरूप उद्देश्य प्राप्तिमा सहयोगी, प्रारम्भमा शैक्षिक सामग्री प्रयोगको स्थिति, प्रदर्शनी पाटीको उपयोग, शैक्षिक सामग्रीको स्तर, सामग्री प्रयोगमा भाषिक शुद्धता हेरिएको छ । त्यसैगरी सामग्री प्रयोगमा भाषिक शुद्धता, शैक्षिक सामग्रीप्रति विद्यार्थीको रुचि, शैक्षिक सामग्रीको पाठ्यवस्तुसँग उपयुक्तता, शैक्षिक सामग्री प्रदर्शनमा क्रमबद्धता, शैक्षिक सामग्री स्पष्ट देखिने, शैक्षिक सामग्रीमा उदाहरणको उपयोग कतिको भएको छ भन्ने कुराको अवलोकन भएको छ । पाठ्यक्रमको मर्म समट्ने शैक्षिक सामग्री, कक्षाकोठामा शैक्षिक सामग्री व्यवस्थापन, शिक्षण विधि अनुकूलतका दृष्टिले शैक्षिक सामग्री, सामग्री प्रयोगमा शिक्षकको सहजीकरण, अभ्यासका दृष्टिले शैक्षिक सामग्रीको पनि अवलोकन भएको छ । पृष्ठपोषणका दृष्टिले शैक्षिक सामग्री, मूल्याङ्कनका र कक्षा समापनका दृष्टिले शैक्षिक सामग्री जस्ता उपशीर्षकहरूमा वर्गीकरण र तालिकीरण गरी विश्लेषणका लागि व्यवस्थापन गरिएको छ । यसमा स्थलगत अध्ययन पद्धतिबाट प्राप्त भएका गुणात्मक सूचनाहरूको गुणात्मक अध्ययन ढाँचाभित्र केन्द्रित रही वर्णनात्मक विधिबाट विश्लेषण गरिएको छ ।

## अध्याय चार

## सूचनाको व्याख्या तथा विश्लेषण

यस अध्ययमा शैक्षिक सामग्री प्रयोगको अवस्था र शैक्षिक सामग्रीको उपलब्धता उपशीर्षकसम्बद्ध विषय र तालिकाहरूमा केन्द्रित रही सूचनाहरूको विश्लेषण गरिएको छ । यस क्रममा कक्षा पाँचमा नेपाली विषय अध्यापन गराउने विषय शिक्षकहरूले कक्षा पाँचको नेपाली विषय सम्बद्ध शिक्षण सिकाइमा शैक्षिक सामग्री प्रयोगावस्थाको अध्ययन गर्ने प्रयोजनका लागि सोधिएका प्रश्नबाट आएका उत्तर र आफैं कक्षामा उपस्थित भएर गरिएको शिक्षकको कक्षा अवलोकनबाट प्राप्त सूचनालाई आधार मानी क्रमश:विश्लेषण गरिएको छ ।

### शैक्षिक सामग्री प्रयोगको अवस्था

यस उपशीर्षकमा पाठ्यक्रम र शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोगावस्था, पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्धता नहुनुका कारण, तालिम तथा शैक्षिक सामग्री निर्माण कार्यशाला तथा प्रदशनीमा सहभागी अवस्था जस्ता विषयहरूको विश्लेषण गरिएको छ । सहभागी हुने अवसर प्राप्त नहुनुको कारण, आवश्यक शैक्षिक सामग्रीहरू प्रयोग, प्रयोगमा रहेका शैक्षिक सामग्रीहरू, अनलाइन सामग्रीहरू प्रयोग, अनलाइन सामग्रीहरू प्रयोग नगर्नुको कारण समेत विश्लेषण गरिएको छ । सामग्रीको भण्डारण तथा संरक्षण, शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्नको लागि प्रोत्साहन, शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीहरूमा प्रभाव, एक शैक्षिक सत्रभित्र पुनर्ताजगी तालिममा सहभागी अवस्था, शैक्षिक सामग्रीका लागि वाह्य सहयोग, सहयोग प्राप्त गर्ने निकाय वा संस्था जस्ता विषयको पनि सूचना विश्लेषण गरिएको छ । शैक्षिक सामग्रीको प्रयोग गर्दा समस्या भोगाइ, शैक्षिक सामग्री उपयोगमा आउन नसक्नुका कारण, समस्या भए समस्याहरू जस्ता विषयहरूलाई क्रमश:विश्लेषण गरिएको छ ।

तालिका एक

*पाठ्यक्रम र शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोगावस्था*

| प्रश्न नं.एक र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| उपलब्ध छ | ५ | ५० |
| उपलब्ध छैन | ५ | ५० |
| उपल्ब्ध छ प्रयोगमा छैन | - | - |
| प्रयोगमा छ | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका एकमा उल्लेख भएअनुसार पाठ्यक्रम र शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोगावस्थासम्बन्धी चार विकल्प (उपलब्ध छ, उपलब्ध छैन, उपल्ब्ध छ प्रयोगमा छैन र प्रयोगमा छ) सहित तपाईंको विद्यालयमा कक्षा पाँचको नेपाली विषयको पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्धता र प्रयोग अवस्था के छ भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये पाँच जना (५० प्रतिशत) ले उपलब्ध छ भन्ने उत्तर सुझाएको पाइयो भने बाँकी पाँच जना (५० प्रतिशत) ले उपलब्ध छैन भनेको देखियो । बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट आधारभूत तहको नेपाली भाषा अध्यापन गर्ने आधा शिक्षकको हातमा शिक्षण सिकाइको समयमा समेत पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध नहुनु नेपालको सन्दर्भमा विडम्बना हो भन्ने देखियो । त्यस्तै आधा शिक्षकको हातमा यी आधारभूत शैक्षिक सामग्री उपलब्ध भएर पनि कक्षाकोठासम्म नआई दराजमा थन्केको जुन अवस्था विद्यामान छ त्यसले विद्यालय प्रशासन, शिक्षासम्बद्ध निकाय र स्वयम् शिक्षकको समेत रुग्ण चेतना, आचरण, जिम्मेवारी, सामुदायिक विद्यालयको वर्तमान रुग्ण अवस्था, भाषाशिक्षण सिकाइ प्रतिको चरम निराशा र लापर्वाहीको ज्वलन्त प्रमाण हो भन्ने पाइयो । समग्रमा यसबाट पाठ्यक्रम र शिक्षक निर्देशिका केही मात्रामा उपलब्ध भएको तर प्रयोगको पक्ष भने लगभग शून्य रहेको पुष्टि हुन्छ ।

तालिका दुई

*पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्धता नहुनुका कारण*

| प्रश्न नं दुई र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| विद्यालयले उपलब्ध नगराउनु | ५ | ५० |
| निर्देशिका नबन्नु | - | - |
| सामाग्रीको अभाव | २ | २० |
| सामाग्रीको उपादेयता नहुनु | १ | १० |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तलिका दुईमा उल्लेख भएअनुसार पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्धता नहुनुका कारणसम्बन्धी प्रश्नमा भएका चार वटा विकल्प (विद्यालयले उपलब्ध नगराउनु, निर्देशिका नबन्नु, सामाग्रीको अभाव, सामाग्रीको उपादेयता नहुनु ) सहित तपाईंको विद्यालयमा कक्षा पाँचको नेपाली विषयको पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्धता र प्रयोग अवस्था के छ भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये पाँच जना (५० प्रतिशत) ले विद्यालयले उपलब्ध नगराउनु भन्ने उत्तर सुझाएको पाइयो भने दुई जना (२० प्रतिशत) ले सामाग्रीको अभाव भनेको देखियो र एक जना (१० प्रतिशत) ले सामाग्रीको उपादेयता नहुनु भनेको देखियो । बाँकी एक विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट आधारभूत तहको नेपाली भाषा अध्यापन गर्ने आधा शिक्षकको हातमा शिक्षण सिकाइको समयमा समेत पाठ्यक्रम र शिक्षक निर्देशिका विद्यालयले उपलब्ध नगराउनु वर्तमान युगमा दयनीय अवस्था हो । त्यस्तो त वर्तमान युग आधुनिक सूचना प्रविधिको युग हो । इन्टरनेटमा खोजी गरेर पनि धेरै सामग्रीहरू पाउन सकिन्छ जुन काम त भाषा शिक्षक स्वयम्ले पनि गरेको पाइएन । इन्टरनेट पहुँच नभएका ठाँउमा विद्यालयले उपलब्ध गराउनु जरुरी छ जुन भाषाशिक्षण सिकाइ प्रतिको चरम निराशा र लापर्वाहीको ज्वलन्त प्रमाण हो । समग्रमा पाठ्यक्रम र

शिक्षक निर्देशिका उपलब्धता नहुनुका कारण धेरै जसो विद्यालयले उपलब्ध नगराउनु र भाषा शिक्षक स्वयम्ले पनि वास्ता नगरेको पुष्टि हुन्छ ।

तलिका तीन

*तालिम तथा शैक्षिक सामग्री निर्माण कार्यशाला तथा प्रदशनीमा सहभागी*

| प्रश्न नं तीन र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| धेरै पटक प्राप्त भएको छ | - | - |
| आवश्यक रूपमा प्राप्त भएको छ | २ | २० |
| एक पटक मात्रै प्राप्त भएको छ | ३ | ३० |
| एक पटक पनि प्राप्त भएको छैन | ५ | ५० |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका तीनमा उल्लेख भएअनुसार तालिम तथा शैक्षिक सामग्री निर्माण कार्यशाला तथा प्रदशनीमा सहभागीसम्बन्धी चार वटा विकल्प (धेरै पटक प्राप्त भएको छ, आवश्यक रूपमा प्राप्त भएको छ, एक पटक मात्रै प्राप्त भएको छ, एक पटक पनि प्राप्त भएको छैन) सहित तपाईँलाई नेपाली शिक्षणसम्बन्धी कुनै तालिम तथा शैक्षिक सामग्री निर्माण कार्यशाला तथा प्रदशनीमा सहभागीको अवसर के कत्तिको प्राप्त भएको छ छैन भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये पाँच जना (५० प्रतिशत) ले एक पटक पनि प्राप्त भएको छैन भन्ने उत्तर सुझाएको पाइयो भने तीन जना (३० प्रतिशत) ले एक पटक मात्रै प्राप्त भएको छ भनेको देखियो र दुई जना (२० प्रतिशत) ले आवश्यक रूपमा प्राप्त भएको छ भनेको देखियो । बाँकी एक विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट तालिम तथा शैक्षिक सामग्री निर्माण कार्यशाला तथा प्रदशनीमा सहभागी गराउनु आजको आवश्यकता हो तर सहभागी हुने अवसर प्राप्त नगर्नु सम्बन्धित सरोकारवाला निकायको कमजोरी हो । नयाँ नयाँ प्रविधिमा आधारित सामग्रीको निर्माण तथा प्रयोगका लागि शैक्षिक सामग्री निर्माण कार्यशाला तथा प्रदर्शनीमा सहभागी हुन आवश्यक मानिन्छ तर हाम्रो नेपालको समस्या

यहि छ जुन शिक्षालाई किताबी ज्ञानमा मात्र सीमित गरेर शिक्षण गर्ने प्रचलन छ यसले गर्दा नत शिक्षकलाई सक्रिय बनाउँछ नत विद्यार्थीको सिकाइलाई राम्रो बनाउँछ। समयअनुसार पटक पटक सहभागी गराइनु पर्ने अवस्थामा आधा जति शिक्षकलाई एक चोटि पनि सहभागी गराइनु भाषाशिक्षणप्रतिको लापर्वाहीको ज्वलन्त प्रमाण हो भन्ने लाग्छ। समग्रमा यसबाट केहीले एकचोटि सहभागी हुने अवसर पाएपनि आधा जतिले भने शैक्षिक सामग्री निर्माण कार्यशाला तथा प्रदशनीमा सहभागी हुने अवसर नपाएको पुष्टि हुन्छ।

तालिका चार

*सहभागी हुने अवसर प्राप्त नहुनुको कारण*

| प्रश्न नं चार र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| कार्यक्रम आयोजना नभएर | ६ | ६० |
| विद्यालयले नपठाएर | २ | २० |
| इच्छा नभएर | - | - |
| समय नभएर | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका चारमा उल्लेख भएअनुसार सहभागी हुने अवसर प्राप्त नहुनुको कारणसम्बन्धी चार वटा विकल्प (कार्यक्रम आयोजना नभएर, विद्यालयले नपठाएर, इच्छा नभएर, समय नभएर) सहित यदि सहभागी हुने अवसर प्राप्त भएको छैन भने त्यसको कारण के होला भन्ने प्रश्न सोधिएको थियो। यसको उत्तरमा १० जना शिक्षकमध्ये छ जना (६० प्रतिशत) ले कार्यक्रम आयोजना नभएर भन्ने उत्तर सुझाएको पाइयो भने दुई जना ( २० प्रतिशत) ले विद्यालयले नपठाएर भनेको देखियो। बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन। नतिजाको यस तथ्यबाट यस्ता कार्यक्रम आयोजना नहुनु वा नगर्नु सम्बन्धित विद्यालयको र शिक्षासम्बन्धी सरोकारवाला निकायको भाषाशिक्षण सिकाइप्रतिको चरम निराशा र लापर्वाहीको ज्वलन्त प्रमाण थियो। यसरी

सहभागी हुने अवसर प्राप्त नहुनुको कारणमा धेरै सङ्ख्यामा कार्यक्रम आयोजना नभएर देखिन्छ भने केही मात्रामा विद्यालयले नपठाएर भन्ने पुष्टि हुन्छ ।

तालिका पाँच

*आवश्यक शैक्षिक सामग्रीहरूको प्रयोग*

| प्रश्न नं पाँच र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| सधैँ गर्छु | २ | २० |
| आवश्यकताअनुसार | ८ | ८० |
| इच्छा लागेपछि गर्छु | - | - |
| गर्ने गरेको छैन | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका पाँचमा उल्लेख भएअनुसार आवश्यक शैक्षिक सामग्रीहरू प्रयोगसम्बन्धी चार वटा विकल्प (सधैँ गर्छु, आवश्यकताअनुसार, इच्छा लागे पछि गर्छु, गर्ने गरेको छैन) सहित तपाईँले कक्षा पाँचको नेपाली विषय शिक्षण गर्दा आवश्यक शैक्षिक सामग्रीहरू कत्तिको प्रयोग गर्नुहुन्छ भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये आठ जना (८० प्रतिशत) ले आवश्यकताअनुसार भन्ने उत्तर सुझाएको पाइयो भने दुई जना (२० प्रतिशत) ले भनेको देखियो । बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट आवश्यक शैक्षिक सामग्रीहरू प्रयोगको अवस्था सबल देखिए पनि नियमित प्रयोग भने कमै पाइयो । समग्रमा भन्ने हो भने आवश्यक शैक्षिक सामग्रीहरू प्रयोग गरेको आवश्यकताअनुसार भने धेरै देखिन्छ तर सधैँ गर्नेमा केही मात्रामा देखिन्छ । यसबाट गर्दै नगरेको भने देखिँदैन त्यसैले सामग्रीको प्रयोग आवश्यकताअनुसार गर्ने गरेको पुष्टि हुन्छ ।

तालिका छ

*सामग्री निर्माण तथा सङ्कलन*

| प्रश्न नं छ र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| विद्यालयबाट प्राप्त | - | - |
| स्थानीय सामग्रीहरूबाट | ७ | ७० |
| बजारबाट खरिद | - | - |
| विद्यार्थीहरूबाट | ३ | ३० |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका छमा उल्लेख भएअनुसार सामग्री निर्माण तथा सङ्कलनसम्बन्धी चार वटा विकल्प (विद्यालयबाठ प्राप्त, स्थानीय सामग्रीहरूबाट, बजारबाट खरिद, विद्यार्थीहरूबाट) सहित शैक्षिक सामग्री निर्माण तथा सङ्कलन कसरी गर्नुहुन्छ भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये सात जना (७० प्रतिशत) ले स्थानीय सामग्रीहरूबाट भन्ने उत्तर सुझाएको पाइयो भने तिन जना (३० प्रतिशत) ले विद्यार्थीहरूबाट स्थानीय सामग्रीहरूबाट छ भने ३० प्रतिशत विद्यार्थीहरूबाट भनेको देखियो । बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट आवश्यक शैक्षिक सामग्रीहरू प्रयोग अवस्थामा विद्यालयबाट प्राप्त भने शून्य छ । स्थानीय सामग्रीहरूबाट निमार्ण गर्नु त धेरै राम्रो कुरा हो तर केही सामग्री त्यस्ता अति आवश्यक हुन्छन् जुन विद्यालय वा अन्य निकायबाट उपलब्ध नगराएको प्रमाण थियो ।

समग्रमा सामग्री निर्माण तथा सङ्कलनमा स्थानीय सामग्रीहरूबाट सबैभन्दा बढी देखियो भने विद्यार्थीहरूबाट सामग्री निर्माण तथा सङ्कलनमा केही मात्रामा मात्रै देखिन्छ तर विद्यालयबाट प्राप्त र बजारबाट खरिद भने न्यून रहेको पुष्टि हुन्छ ।

तालिका सात

*शैक्षिक सामग्रीहरूको उपलब्धता*

| प्रश्न न. सात र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| सबै पाठका लागि प्रयाप्त | १ | १० |
| केही सजिला पाठका लागि मात्रै | ६ | ६० |
| उपलब्ध छैनन् | ३ | ३० |
| आवश्यकता छैन | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका सातमा उल्लेख भएअनुसार शैक्षिक सामग्रीहरूको उपलब्धतासम्बन्धी चार वटा विकल्प (सबै पाठको लागि प्रयाप्त, केही सजिला पाठको लागि मात्रै, उपलब्ध छैनन, आवश्यकता छैन) सहित विद्यालयमा रहेका शैक्षिक सामग्रीहरूको उपलब्धता कस्तो छ भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये छ जना (६० प्रतिशत) ले केही सजिला पाठको लागि मात्रै भन्ने उत्तर सुझाएको पाइयो भने तीन जना (३० प्रतिशत) ले उपलब्ध छैनन् भन्ने र एक जना (१० प्रतिशत) ले सबै पाठको लागि प्रयाप्त भन्ने उत्तर आयो । बाँकी एक विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट सामग्रीको उपलब्धता केही सजिला पाठका लागि मात्रै उपलब्ध गराउनु भनेको अरू पाठ एवम् विद्यार्थीलाई अन्याय गर्नु सरह देखियो । सामग्रीको उपलब्ध नगराउनु झन भाषाशिक्षणलाई बेवास्ता गरी शिक्षण सिकाइमा बाधा पुगेको देखियो । यसरी शैक्षिक सामग्रीहरूको उपलब्धता हेर्ने हो भने सबै पाठका लागि प्रयाप्त भने न्यून मात्रामा देखियो । केही सजिला पाठका लागि मात्र उपलब्ध भएको कुरा मध्यम र उपलब्ध नभएको अवस्था थियो भन्ने पुष्टि हुन्छ ।

तालिका आठ

*सामग्री उपलब्ध नहुनुका कारण*

| प्रश्न न.आठ र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| आर्थिक अभाव | ३ | ३० |
| विद्यालयले उपलब्ध नगराएर | १ | १० |
| आवश्यकता महसुस नभएर | - | - |
| सामग्रीको उपलब्धता नभएर | ४ | ४० |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका आठमा उल्लेख भएअनुसार सामग्री उपलब्ध नहुनुका कारणसम्बन्धी चार वटा विकल्पमा (आर्थिक अभाव, वद्यालयले उपलब्ध नगराएर, आवश्यकता महसुस नभएर, सामग्रीको उपलब्धता नभएर) सहित यदि शैक्षिक सामग्री उपलब्ध छैनन् भने त्यसको कारण के के होलान् भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये चार जना (४० प्रतिशत) ले सामग्रीको उपलब्धता नभएर भन्ने उत्तर सुझाएको पाइयो भने तिन जना (३० प्रतिशत) ले आर्थिक अभाव र एक जना (१० प्रतिशत) ले विद्यालयले उपलब्ध नगराएर भन्ने उत्तर आयो । बाँकी एक विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट भाषा सिकाइमा सामग्री प्रयोग जरुरी अवस्थामा पनि सामग्रीको उपलब्धता नहुनु वा नगराउनु भनेको वर्तमान शिक्षा क्षेत्र कमजोर बनाउने हेतु देखियो । शिक्षा क्षेत्रमा बजेटको कमी हुनु पनि विद्यमान समस्या छ जसले गर्दा गर्दा सामग्री सङ्कलनमा समस्या देखिनुमा आर्थीक अभाव पनि रहेको भन्ने प्रमाण देखियो । समग्रमा सम्पूर्ण विद्यालयहरूमा सामग्री उपलब्ध नहुनुका कारणमध्ये सामग्रीको उपलब्धता नहुनु मुख्य कारण र त्यसपछि आर्थिक अभाव पनि देखियो । अरू कारण भने न्यून रहेको पुष्टि हुन्छ ।

तालिका नौ

*प्रयोगमा रहेका शैक्षिक सामग्रीहरू*

| प्रश्न न.नौ र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| श्रव्य सामग्री | - | - |
| श्रव्य दृश्य सामग्री | ७ | ७० |
| पाठ्यसामग्री | ३ | ३० |
| स्पर्श सामग्री | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका नौमा उल्लेख भएअनुसार प्रयोगमा रहेका शैक्षिक सामग्रीहरूको अवस्थासम्बन्धी चार वटा बिकल्प (श्रव्य सामग्री, श्रव्य दृश्य सामग्री, पाठ्यसामग्री, स्पर्श सामग्री) सहित तपाईंले सामान्यतया नेपाली शिक्षणगर्दा प्रयोग गर्ने शैक्षिक सामग्रीहरू के के हुन् भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये सात जना (७० प्रतिशत) ले श्रव्य दृश्य सामग्री भन्ने उत्तर सुझाएको पाइयो भने तीन जना (३० प्रतिशत) ले पाठ्यसामग्री भनेको पाइयो । बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाटश्रव्य दृश्य सामग्रीको प्रयोग राम्रो गरिएको पुष्टि हुन्छ । समग्रमा प्रयोगमा रहेका शैक्षिक सामग्रीहरूको अवस्था हेर्दा श्रव्य दृश्य सामग्रीको प्रयोग राम्रो देखिन्छ । पाठ्यसामग्री सामान्य मात्रामा प्रयोगमा देखिन्छ तर श्रव्य सामग्री र स्पर्श सामग्री भने प्रयोग नभएको पुष्टि हुन्छ ।

तालिका १०

*अनलाइन सामग्रीहरू प्रयोग*

| विषय शिक्षकप्रश्नावलीबाट प्राप्त प्रतिक्रिया | | | कक्षा अवलोकनबाट प्राप्त तथ्य | | |
|---|---|---|---|---|---|
| प्रश्न न. १० र विकल्प | विद्यालयहरू | | आधुनिक प्रविधि(अडियो, भिडियो) प्रयोग | विद्यालयहरू | |
| | सङ्ख्या | प्रतिशत | | सङ्ख्या | प्रतिशत |
| सधैँ प्रयोग गर्छु | २ | २० | अत्युत्तम | १ | १० |
| कहिलेकाहीँ | ३ | ३० | उत्तम | २ | २० |
| प्रयोग गर्दिन | - | - | मध्यम | ६ | ६० |
| आवस्यकताअनुसार गर्छु | ५ | ५० | न्यून | १ | १० |
| | | | अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका १० मा उल्लेख भएअनुसार अनलाइन सामग्रीहरू प्रयोगसम्बन्धी चार वटा विकल्प (सधैँ प्रयोग गर्छु, कहिलेकाहीँ, प्रयोग गर्दिन, आवस्यकताअनुसार गर्छु) सहित तपाइँ नेपाली शिक्षणविधि र शैक्षिक सामग्रीसम्बन्धी सूचनाहरू प्राप्त गर्न अनलाइन सामग्रीहरू कत्तिको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये पाँच जना (५० प्रतिशत) ले आवस्यकताअनुसार गर्छु भन्ने उत्तर सुझाएको पाइयो भने तीन जना (३० प्रतिशत) ले कहिलेकाहीँ भनेको पाइयो । दुई जना (२० प्रतिशत) ले सधैँ प्रयोग गर्छु र बाँकी एक विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । विषय शिक्षकको कक्षा अवलोकन गर्दा प्राप्त तथ्याङ्कअनुसार आधुनिक प्रविधि (अडियो, भिडियो) प्रयोग अवस्था (अत्युत्तम, हेर्दा अत्युत्तम, उत्तम, मध्यम, न्यून र अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये छ जना (६० प्रतिशत) मध्यम देखियो । दुई जना (२० प्रतिशत) उत्तम, एक जना (१० प्रतिशत) अत्युत्तम र एक जना(१० प्रतिशत) न्यून अवस्था रहेको देखियो । यसरी समग्रमा आधुनिक प्रविधि (

अडियो, भिडियो) प्रयोग अवस्था हेर्ने हो भने सबै भन्दा बढी मध्यम उत्तर देखिन्छ तर पनि कुनै विद्यालयहरू अत्युत्तम र उत्तम रहेको देखिन्छ ।

अनलाइन सामग्रीहरू प्रयोगसम्बन्धी अवस्था हेर्दा आवस्यकताअनुसार गर्ने विद्यालयहरू धेरै तथा राम्रो अवस्था देखिन्छ । कहिलेकाहीँ प्रयोग गर्ने र सधैँ प्रयोग गर्ने भने केही मात्रामा देखिन्छ तर प्रयोग नगर्ने भने कोही देखिँदैनन् । तर कक्षा अवलोकनमा आधुनिक प्रविधि (अडियो, भिडियो) प्रयोग अवस्था हेर्ने हो भने सबै भन्दा बढी मध्यम उत्तर देखिन्छ तर पनि कुनै विद्यालयहरू अत्युत्तम र उत्तम पनि भएकाले राम्रै अवस्था देखियो । विषय शिक्षकका लागि प्रश्नावलीमा आवश्यकताअनुसार सधैँ गर्छु भन्ने विकल्पमा आधा देखिएता पनि कक्षा अवलोकनमा भने मध्यममा धेरै र अत्युत्तम धेरै कम देखियो । प्रश्नावली र अवलोकनबाट प्राप्त सूचनाबिच केही प्रतिशतको मात्रै फरक रहेको पुष्टि हुन्छ ।

तालिका ११

*अनलाइन सामग्रीहरू प्रयोग नगर्नुको कारण*

| प्रश्न न. ११ र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| इन्टरनेटको पहुँच नभएर | ६ | ६० |
| आवश्यक सामग्री नभएर | - | - |
| आवश्यकता नभएर | - | - |
| इन्टरनेट प्रयोगको ज्ञान नभएर | ४ | ४० |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका ११ मा उल्लेख भएअनुसार अनलाइन सामग्रीहरू प्रयोग नगर्नुको कारण सम्बन्धी चार वटा विकल्प (इन्टरनेटको पहुँच नभएर, आवश्यक सामग्री नभएर, आवश्यकता नभएर, इन्टरनेट प्रयोगको ज्ञान नभएर) सहित यदि गर्नु भएको छैन भने किन भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये छ जना (६०

प्रतिशत) ले इन्टरनेटको पहुँच नभएर भन्ने उत्तर सुझाएको पाइयो भने ४ जना (४० प्रतिशत) ले इन्टरनेट प्रयोगको ज्ञान नभएर भनेको पाइयो । बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट वर्तमान इन्टरनेटको समयमा पनि इन्टरनेटको पहुँच नहुनु भनेको सम्बन्धित विद्यालय र शिक्षा सम्बद्ध सम्पूर्ण निकायहरूको भाषाशिक्षण सिकाइ प्रतिको चरम निराशा र लापर्वाहीको ज्वलन्त प्रमाण हो भन्ने पाइयो । समग्रमा अनलाइन सामग्रीहरू प्रयोग नगर्नुको कारणमध्ये इन्टरनेटको पहुँच नभएर र इन्टरनेट प्रयोगको ज्ञान नभएको.पुष्टि हुन्छ ।

तालिका १२

*सामग्रीको भण्डारण तथा संरक्षण*

| प्रश्न नं. १२ र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| कक्षाकोठामै राख्ने गरेको | २ | २० |
| विद्यालयमको स्टोर रोममा | १ | १० |
| कार्यालयले व्यवस्थापन गरेको कक्षमा | ४ | ४० |
| शिक्षकको कार्यकक्षमा | ३ | ३० |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका १२ मा उल्लेख भएअनुसार सामग्रीको भण्डारण तथा संरक्षणसम्बन्धी चार वटा विकल्प (कक्षाकोठामै राख्ने गरेको, विद्यालयमको स्टोर रोममा, कार्यालयले व्यवस्थापन गरेको कक्षमा, शिक्षकको कार्यकक्षमा) सहित सामग्रीको सङ्कलन र प्रयोग पछि त्यसको भण्डारण तथा संरक्षण कसरी गर्नु भएको छ भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये चार जना (४० प्रतिशत) ले कार्यालयले व्यवस्थापन गरेको कक्षमा तथा तीन जना (३० प्रतिशत) ले इन्टरनेटको पहुँच नभएर भन्ने उत्तर सुझाएको पाइयो भने दुई जना (२० प्रतिशत) ले कक्षाकोठामै राख्ने गरेको र एक जना (१० प्रतिशत) ले विद्यालयको स्टोर रोममा भनेको देखियो । नतिजाको यस तथ्यबाट सामग्रीको भण्डारण तथा संरक्षण गर्दा व्यवस्थीत तरिकाले नगरी जता पायो त्यतै राख्नु भनेको एउटा भाषा

शिक्षकको लागि लज्जास्पद कुरा जुन तथ्य प्रमाण भेटियो । समग्रमा कार्यालयले व्यवस्थापन गरेको कक्षमा राख्ने गरेको ठिकै मात्रामा देखियो । त्यसैगरी शिक्षकको कार्यकक्षमा, कक्षाकोठामै राख्ने गरेको र विद्यालयमको स्टोर रोममा पनि राख्ने गरेको पुष्टि हुन्छ ।

तालिका १३

*शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्नको लागि प्रोत्साहन*

| प्रश्न नं. १३ र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| प्र.अ बाट | ७ | ७० |
| वि.व्य.स बाट | १ | १० |
| गाउँ शिक्षा इकाई | - | - |
| शिक्षक प्रशिक्षकबाट | १ | १० |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका १३ मा उल्लेख भएअनुसार शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्नको लागि प्रोत्साहनसम्बन्धी चार वटा विकल्प ( प्र.अ बाट, वि.व्य.सबाट, गाउँ शिक्षा इकाई, शिक्षक प्रशिक्षकबाट) सहित तपाइँ नेपाली शिक्षक भएको नाताले तपाइँलाई शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्नको लागि कुनै प्रोत्साहन दिएको छ भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये सात जना (७० प्रतिशत) ले प्र.अ बाट भन्ने उत्तर सुझाएको पाइयो भने एक जना (१० प्रतिशत) ले वि.व्य.सबाट र एक जना (१० प्रतिशत) ले पनि शिक्षक प्रशिक्षकबाट भनेको भेटियो । बाँकी एक विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट प्र.अ र वि.व्य.स ले शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्नको लागि प्रोत्साहन गरेको देखिए पनि गाउँ शिक्षा इकाईबाट देखिएन जुन वर्तमान समयमा स्थानीय निकायको भाषा सिकाइ प्रतिको अपहेलना भएको प्रमाण भेटियो । समग्रमा शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्नको लागि प्रोत्साहनसम्बन्धी अवस्था हेर्दा सबै भन्दा बढी प्रोत्साहन प्र.अबाट राम्रै देखियो । त्यसपछि

वि.व्य.स बाट र शिक्षक प्रशिक्षकबाट न्यून मात्रामा तथा गाउँ शिक्षा इकाईबाट गर्दै नगरेको पुष्टि हुन्छ ।

तालिका १४

*शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीहरूमा प्रभाव*

| विषय शिक्षक प्रश्नावलिबाट प्राप्त प्रतिक्रिया | | | कक्षा अवलोकनबाट प्राप्त तथ्य | | |
|---|---|---|---|---|---|
| प्रश्न नं. १४ र विकल्प | विद्यालयहरू | | शैक्षिक सामग्री प्रयोगमा विद्यार्थी सहभागीता | विद्यालयहरू | |
| | सङ्ख्या | प्रतिशत | | सङ्ख्या | प्रतिशत |
| सक्रियता देखाउँछन् | ९ | ९० | अत्युत्तम | १ | १० |
| अनावश्यक होहल्ला गर्छन् | १ | १० | उत्तम | २ | २० |
| जिज्ञासा पोख्छन् | - | - | मध्यम | ६ | ६० |
| सामग्रीप्रति वेवास्ता गर्छन् | - | - | न्यून | २ | २ |
| | | | अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका १४ मा उल्लेख भएअनुसार शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीहरूमा प्रभावसम्बन्धी चारवटा विकल्प (सक्रियता देखाउँछन्, अनावश्यक होहल्ला गर्छन्, जिज्ञासा पोख्छन्, सामग्री प्रति वेवास्ता गर्छन्) सहित शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीहरूमा कक्षामा के कस्तो प्रभाव देखिन्छ भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये नौ जना (९० प्रतिशत) ले सक्रियता देखाउँछन् उत्तर सुझाएको पाइयो भने एक जना (१० प्रतिशत) ले अनावश्यक होहल्ला गर्छन् भनेको पाइयो । बाँकी

दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाटशैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीहरूमा राम्रै प्रभाव परेको पाइयो । तर विषय शिक्षकको कक्षा अवलोकन गर्दा प्राप्त तथ्याङ्कअनुसार शैक्षिक सामग्री प्रयोगमा विद्यार्थी सहभागीतासम्बन्धी विकल्प (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये छ जना (६० प्रतिशत) मध्यम देखियो । दुई जना (२० प्रतिशत) उत्तम, दुई जना (२० प्रतिशत) न्यून अवस्था रहेको देखियो ।

यसरी समग्रमा हेर्ने हो भने शैक्षिक सामग्री प्रयोगमा विद्यार्थी सहभागीता अवस्थामा सबै भन्दा बढी मध्यम उत्तर देखियो तर पनि कुनै विद्यालयहरू अत्युत्तम र उत्तम पनि भएकाले राम्रै अवस्था देखियो । प्रश्नावलीबाट प्राप्त तथ्यअनुसार शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीहरूमा प्रभावसम्बन्धी अवस्था हेर्ने हो भने विद्यार्थीको सक्रियता सबै भन्दा बढी देखियो त्यसैले समग्रमा शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीहरूमा प्रभाव सबल देखियो । तर कक्षा अवलोकनबाट प्राप्त तथ्यअनुसार शैक्षिक सामग्री प्रयोगमा विद्यार्थी सहभागीता अवस्था हेर्ने हो भने सबै भन्दा बढी उत्तम उत्तर आएकोले यसको अवस्था पनि ठिकै रहेको भेटियो । प्रश्नावली र अवलोकनबाट प्राप्त सूचनाबिच दश प्रतिशतको मात्रै फरक देखिएको पुष्टि हुन्छ ।

तालिका १५

*एक शैक्षिक सत्रभित्र पुनर्ताजगी तालिममा सहभागी अवस्था*

| प्रश्न नं. १५ र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| धेरै पटक | - | - |
| एक पटक | ४ | ४० |
| दुई पटक | १ | १० |
| सहभागी भएको छैन | ५ | ५० |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका १५ मा उल्लेख भएअनुसार एक शैक्षिक सत्रभित्र पुनर्ताजगी तालिममा सहभागी अवस्थासम्बन्धी चार वटा विकल्प (धेरै पटक, एक पटक, दुई पटक, सहभागी भएको छैन) सहित तपाइँ एक शैक्षिक सत्र भित्र कति पटक पुनर्ताजगी तालिममा सहभागी हुनुहुन्छ भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये पाँच जना (५० प्रतिशत) ले सहभागी भएको छैन भन्ने उत्तर सुझाएको पाइयो भने चार जना (४० प्रतिशत) ले एक पटक भनेको पाइयो । एक जना (१० प्रतिशत) ले दुई पटक र बाँकी एक विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट समयको परिवर्तनसँगै शिक्षकलाई पुनर्ताजगी तालिमको आवश्यकता पर्दछ तर धेरैलाई सहभागी नगराइएको प्रमाण भेटियो । समग्रमा एक शैक्षिक सत्र भित्र पुनर्ताजगी तालिममा सहभागी अवस्था हेर्दा सहभागी भएको सङ्ख्या न्यून रहेको तर केहीले भने एक पटक लिएका पुष्टि हुन्छ ।

तालिका १६

*शैक्षिक सामग्रीका लागि वाह्य सहयोग*

| प्रश्न नं. १६ र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| प्राप्त भएको छ | १ | १० |
| प्राप्त भएको छैन | ८ | ८० |
| जानकारी भएन | - | - |
| आवश्यक मात्रामा प्राप्त भएको छ | १ | १० |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका १६ मा उल्लेख भएअनुसार शैक्षिक सामग्रीका लागि वाह्य सहयोगसम्बन्धी चार वटा विकल्प (प्राप्त भएको छ, प्राप्त भएको छैन, जानकारी भएन, आवश्यक मात्रामा प्राप्त भएको छ) सहित तपाईंको विद्यालयमा नेपाली शिक्षणसँग सम्बन्धित कुनै शैक्षिक सामग्रीका लागि वाह्य सहयोग प्राप्त भएको छ भन्ने प्रश्न सोधिएको थियो । यसको

उत्तरमा १० जना शिक्षकमध्ये आठ जना (८० प्रतिशत) ले प्राप्त भएको छैन भन्ने उत्तर सुझाएको पाइया भने एक जना (१० प्रतिशत) ले प्राप्त भएको छ र एक जना (१० प्रतिशत) ले आवश्यक मात्रामा प्राप्त भएको छ भनेको पाइयो । बाँकी एक विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट शैक्षिक सामग्रीका लागि कुनै पनि वाह्य सहयोग प्राप्त नभएको प्रमाण भेटियो । शैक्षिक सामग्रीका लागि वाह्य सहयोगसम्बन्धी अवस्था हेर्दा न्यून मात्रामा रहेको पुष्टि
हुन्छ ।

तालिका १७

*सहयोग प्राप्त गर्ने निकाय वा संस्था*

| प्रश्न नं. १७ र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| गैर सरकारी संस्थाबाट | २ | २० |
| गाँउपालिकाबाट | १ | १० |
| वडाबाट | - | - |
| प्रदेशबाट | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका १७ मा उल्लेख भएअनुसार सहयोग प्राप्त गर्ने निकाय वा संस्थासम्बन्धी चार वटा विकल्प (गैर सरकारी संस्थाबाट, गाँउपालिकाबाट, वडाबाट, प्रदेशबाट) सहित यदि छ भने कुन निकाय वा संस्थाबाट भएको छ ? भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये दुई जना (२० प्रतिशत) ले गैर सरकारी संस्थाबाट भन्ने उत्तर सुझाएको पाइयो भने एक जना (१० प्रतिशत) ले गाँउपालिकाबाट भनेको पाइयो भने बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट भाषा सिकाइका लागि गाँउपालिकाबाट प्राप्त हुनु पर्ने सहयोग प्राप्त नहुनु स्थानीय सरकारको कमजोरी रहेको र गैरसरकारी संस्थासँगको सहकार्यको पनि नरहेको भेटियो ।

समग्रमा सहयोग प्राप्त गर्ने निकाय वा संस्थाको अवस्था हेर्ने हो भने खासै सहयोग पाएको देखिँदैन तर पनि केही विद्यालयलाई भने सहयोग गरेको पाइयो ।

तालिका १८

*शैक्षिक सामग्रीको प्रयोग गर्दा समस्या भोगाइ*

| प्रश्न नं. १८ र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| समस्या छैन | - | - |
| कहिलेकाहीँ | १० | १०० |
| नियमित छ | - | - |
| एक पटक | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका १८ मा उल्लेख भएअनुसार शैक्षिक सामग्रीको प्रयोग गर्दा समस्या भोगाइसम्बन्धी चार वटा विकल्प (समस्या छैन, कहिलेकाहीँ, नियमित छ, एक पटक) सहित नेपाली शिक्षणका क्रममा शैक्षिक सामग्री प्रयोग गर्दैगर्दा समस्या के कतिको भोग्नु भएको छ भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये १० जना (१०० प्रतिशत) ले कहिलेकाहीँ भन्ने उत्तर सुझाएको पाइयो भने बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट शैक्षिक सामग्रीको प्रयोग गर्दा समस्या विद्यमान रूपमा भएकाले भाषा सिकाइ सम्बन्धित समस्याहरूका सम्बन्धमा कसैको पनि ध्यान जान सकेको अवस्था छैन यो भाषा सिकाइलाई पछाडि पार्ने काम पनि हो । धेरै समय अगाडिबाट यस्ता समस्या देखापरेका हुन् तर हाल सम्म पनि समाधान नहुनु भनेको निरासजनक कुरा हो भन्ने पुष्टि हुन्छ ।

तालिका १९

*समस्या भए समस्याहरू*

| प्रश्न नं. १९ र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| सामग्रीको अभाव | ७ | ७० |
| सामग्रीको प्रयोग गर्ने वातावरण नहुनु | - | - |
| सामग्रीको प्रयोग गर्ने ज्ञान नहुनु | २ | २० |
| सामग्री भण्डारणको कारणले समस्या हुनु | २ | २० |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिकामा १९ उल्लेख भएअनुसार समस्या भए समस्याहरूसम्बन्धी चार वटा विकल्प (सामग्रीको अभाव, सामग्रीको प्रयोग गर्ने वातावरण नहुनु, सामग्रीको प्रयोग गर्ने ज्ञान नहुनु, सामग्री भण्डारणको कारणले समस्या हुनु) सहित यदि समस्या भोग्नुभएको छ भने त्यस्ता समस्याहरू के के हुन् भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये सात जना (७० प्रतिशत) ले कहिलेकाहीँ भन्ने उत्तर सुझाएको पाइयो भने दूई जना (२० प्रतिशत) ले सामग्रीको प्रयोग गर्ने ज्ञान नहुनु र दुई जना (२० प्रतिशत) ले सामग्री भण्डारणको कारणले समस्या हुनु भनेको पाइयो । बाँकी एक विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट सिकाइमा आवश्यक पर्ने सामग्रीको अभाव र सामग्रीको प्रयोग गर्ने ज्ञान नभएको अवस्थामा भएको सामग्री पनि राम्रोसँग व्यवस्थापन नभएर अस्तव्यस्त हुनु आजको विद्यालय प्रशासनको कमजोरी ज्वलन्त प्रमाण हो । समग्रमा शैक्षिक सामग्रीको प्रयोग गर्दा देखिएका समस्याहरूमा धेरैले सामग्रीको अभाव भनेको देखियो भने केही मात्रामा सामग्रीको प्रयोग गर्ने ज्ञान नहुनु र सामग्री भण्डारणको कारणले समस्या हुनु पनि देखियो ।

तालिका २०

*शैक्षिक सामग्री उपयोगमा आउन नसक्नुका कारण*

| प्रश्न नं. २० र विकल्प | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| आर्थिक अभाव | १ | १० |
| आवश्यकता नभएर | - | - |
| अनुगमनको अभाव | १ | १० |
| तालिमको अभाव | ८ | ८० |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका २० मा उल्लेख भएअनुसार शैक्षिक सामग्री उपयोगमा आउन नसक्नुका कारणसम्बन्धी चार वटा विकल्प (आर्थिक अभाव, आवश्यकता नभएर, अनुगमनको अभाव, तलिमको अभाव) सहित नेपाली शिक्षणमा शैक्षिक सामग्री उपयोगमा आउन नसक्नुका कारणहरू के के हुन् भन्ने प्रश्न सोधिएको थियो । यसको उत्तरमा १० जना शिक्षकमध्ये आठ जना (८० प्रतिशत) ले तालिमको अभाव भन्ने उत्तर सुझाएको पाइयो भने एक जना (१० प्रतिशत) ले आर्थिक अभाव र एक जना ( १० प्रतिशत) ले पनि अनुगमनको अभाव भनेको पाइयो । बाँकी एक विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट प्राय जस्तो भाषा शिक्षकहरूलाई तालिम तथा नयाँ नयाँ कुराहरूको ज्ञानमा जानकारी गराउनु अति आवश्यक कुरा भएपनि धेरै भन्दा धेरै शिक्षकलाई तालिमको अभाव, आर्थिक र अनुगमनको अभाव निकै मात्रामा रहेको भेटियो जुन विद्यालय र शिक्षासम्वन्धित अन्य सरोकारवाला निकायहरूको भाषाशिक्षण सिकाइप्रतिको चरम निराशा र लापर्वाहीको ज्वलन्त प्रमाण हो भन्ने पाइयो । तालिम प्राप्त शिक्षकले पनि आफ्नो ज्ञान र सिप प्रयोगमा ल्याएको भेटिँदैन ।

समग्रमा भन्ने हो भने यो शोधपत्र अध्ययन गर्ने क्रममा कक्षा पाँचमा नेपाली विषय अध्यापन गराउने विषय शिक्षक मार्फत शैक्षिक सामग्रीसम्बन्धी अवस्था हेर्दा केही एउटा

दुईवटा विद्यालय बाहेक सबै विद्यालयको अवस्था नाजुक भेटियो । यसको प्रमुख कारण आर्थिक अभाव, सामग्री उपलब्ध नुहुनु तथा दक्ष जनशक्तिको अभाव आदि रहेका छन् ।

**शैक्षिक सामग्रीको उपलब्धता**

यस उपशीर्षकमा योजना अनुरूप उद्देश्य प्राप्तिमा सहयोगी, प्रारम्भमा शैक्षिक सामग्री प्रयोगको स्थिति, प्रदर्शनी पाटीको उपयोग, शैक्षिक सामग्रीको स्तर, सामग्री प्रयोगमा भाषिक शुद्धता हेरिएको छ । त्यसैगरी सामग्री प्रयोगमा भाषिक शुद्धता, शैक्षिक सामग्रीप्रति विद्यार्थीको रुचि, शैक्षिक सामग्रीको पाठ्यवस्तुसँग उपयुक्तता, शैक्षिक सामग्री प्रदर्शनमा क्रमबद्धता, शैक्षिक सामग्री स्पष्ट देखिने, शैक्षिक सामग्रीमा उदाहरणको उपयोग कतिको भएको छ भन्ने कुराको अवलोकन भएको छ । पाठ्यक्रमको मर्म समट्ने शैक्षिक सामग्री, कक्षाकोठामा शैक्षिक सामग्री व्यवस्थापन, शिक्षण विधि अनुकूलताका दृष्टिले शैक्षिक सामग्री, सामग्री प्रयोगमा शिक्षकको सहजीकरण, अभ्यासका दृष्टिले शैक्षिक सामग्रीको पनि अवलोकन भएको छ । पृष्ठपोषणका दृष्टिले शैक्षिक सामग्री, मूल्याङ्कन र कक्षा समापनका दृष्टिले शैक्षिक सामग्री जस्ता विषयहरूलाई क्रमश:विश्लेषण गरिएको छ ।

तालिका २१

*योजना अनुरूप उद्देश्य प्राप्तिमा सहयोगी*

| योजना अनुरूप उद्देश्य प्राप्तिमा सहयोगी | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | ६ | ६० |
| मध्यम | ४ | ४० |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका २१ मा उल्लेख भएअनुसार विषय शिक्षकको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कअनुसार योजना अनुरूप उद्देश्य प्राप्तिमा सहयोगीसम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये छ जना (६० प्रतिशत)उत्तम देखियो । चारजना (४० प्रतिशत) मध्यम र बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट शिक्षकले निर्माण गरेका योजना अनुरूप उद्देश्य प्राप्तिमा सामग्रीको सहयोग राम्रै मात्रामा भेटियो । समग्रमा शिक्षकले निर्माण गरेको योजनाअनुसारकै शैक्षिक सामग्री प्रयोग गरेको हुँदा शैक्षिक सामग्री योजनाअनुरूप उद्देश्य प्राप्तिमा सहयोगी देखिएको पुष्टि गर्न सकिन्छ ।

तालिका २२

*प्रारम्भमा शैक्षिक सामग्री प्रयोगको स्थिति*

| प्रारम्भमा शैक्षिक सामग्री प्रयोगको स्थिति | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | १ | १० |
| उत्तम | ३ | ३० |
| मध्यम | ६ | ६० |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका २२ मा उल्लेख भएअनुसार प्रारम्भमा शैक्षिक सामग्री प्रयोगको स्थितिसम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये छ जना (६० प्रतिशत) मध्यम देखियो । तीन जना (३० प्रतिशत) उत्तम र एक जना (१० प्रतिशत) अत्युत्तम देखियो । बाँकी एक विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट विषय शिक्षकको कक्षा अवलोकन गर्दा प्राप्त तथ्याङ्कअनुसार प्रारम्भमा शैक्षिक सामग्री प्रयोगको

स्थिति हेर्दा एउटा विद्यालय अत्युत्तम जसमा स्मार्टबोर्डबाट सामग्री प्रस्तुत गरेको र उत्तम तीनवटा विद्यालयहरू रहेका छन् जसमा अडियो भिडियोको माध्यमबाट सामग्री प्रस्तुत गरेको देखिन्छ । त्यसैगरी सबैभन्दा बढी मध्यममा यसमा पाठ्यपुस्तक तथा सेतोपाटिका मात्रै प्रयोग गरेको देखिन्छ । समग्रमा शैक्षिक सामग्री प्रयोगको स्थिति मध्यम देखिन्छ ।

तालिका २३

*प्रदर्शनी पाटीको उपयोग*

| प्रदर्शनी पाटीको उपयोग | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | ९ | ९० |
| मध्यम | १ | १० |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका २३ मा उल्लेख भएअनुसार प्रदर्शनी पाटीको उपयोगसम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये नौ जना (९० प्रतिशत)उत्तम देखियो र एक जना (१० प्रतिशत) अर्थात एउटा विद्यालय देखियो । बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट यसरी प्रदर्शनी पाटीको उपयोगमा उत्तम उत्तर भने सबैभन्दा बढी भएकाले यसको अवस्था सबल देखियो जसबाट शिक्षण गर्दा भाषा शिक्षकले धेरै प्रदर्शनी पाटीको उपयोग गरी शिक्षण गरेको पुष्टि हुन्छ ।

तालिका २४

*शैक्षिक सामग्रीको स्तर*

| शैक्षिक सामग्रीको स्तर | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | २ | २० |
| मध्यम | ८ | ८० |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका २४ मा उल्लेख भएअनुसार शैक्षिक सामग्रीको स्तरसम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये आठ जना (८० प्रतिशत) मध्यम देखियो र दुई जना (२० प्रतिशत) उत्तम अर्थात बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट मध्यममा रहेका शिक्षकका सामग्री स्पष्ट देखिए पनि आकार साना र मोबाइलको प्रयोगबाट सामग्री प्रयोग गरेको हुँदा टाढा देखाउन असहज भएको देखियो । त्यसैले सामग्री प्रयोगको प्रयास मध्यम देखियो । उत्तममा रहेका शिक्षकका सामग्री स्पष्ट र आकारमा पनि राम्रै देखिए । यसरी शैक्षिक सामग्रीको स्तर अवस्था भने मध्यम रहेको देखियो ।

तालिका २५

*सामग्री प्रयोगममा भाषिक शुद्धता*

| सामग्री प्रयोगममा भाषिक शुद्धता | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | ७ | ७० |
| मध्यम | ३ | ३० |
| न्यून | | |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका २५ मा उल्लेख भएअनुसार सामग्री प्रयोगमा भाषिक शुद्धता (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये सात जना (७० प्रतिशत) उत्तम देखियो र तिन (३० प्रतिशत) मध्यम देखियो । बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट जसमा बोल्दा होस या लेख्दा भाषिक शुद्धता मध्यम देखिन्छ ।

तालिका २६

*शैक्षिक सामग्री प्रस्तुतीकरण*

| शैक्षिक सामग्री प्रस्तुतीकरण | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | ७ | ७० |
| मध्यम | १ | १० |
| न्यून | १ | १० |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका २६ मा उल्लेख भएअनुसार शैक्षिक सामग्री प्रस्तुतीकरणसम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये सात जना (७० प्रतिशत) उत्तम देखियो र एक जना (१० प्रतिशत) मध्यम र एक जना (१० प्रतिशत) न्यून देखियो । बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट यसरी शैक्षिक सामग्री प्रस्तुतीकरण हेर्ने हो भने सबै भन्दा बढी उत्तम देखिन्छ र पनि अरू मध्यम तथा न्यून समेत देखिन्छन् ।

तालिका २७

*शैक्षिक सामग्रीप्रति विद्यार्थीको रुचि*

| शैक्षिक सामग्रीप्रति विद्यार्थीको रुचि | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | ८ | ८० |
| मध्यम | २ | २० |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका २७ मा उल्लेख भएअनुसार शैक्षिक सामग्री प्रति विद्यार्थीको रुचि सम्बन्धी ( अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये आठ जना (८० प्रतिशत) उत्तम देखियो र दुई जना (२० प्रतिशत) मध्यम तथा बाँकी दुई विकल्पमा भने निर्धारित १० जनाबाट कुनै प्रतिक्रिया आएको पाइएन । नतिजाको यस तथ्यबाट विद्यार्थीको शैक्षिक सामग्री प्रतिको रुचि निकै देखियो । यसरी समग्रमा शैक्षिक सामग्री प्रति विद्यार्थीको रुचि हेर्ने हो भने निकै ध्यान र मन लगाएर सुनेको र सक्रिय भएको देखियो ।

तालिका २८

*शैक्षिक सामग्रीको पाठ्यवस्तुसँग उपयुक्तता*

| शैक्षिक सामग्रीको पाठ्यवस्तुसँग उपयुक्तता | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | २ | २० |
| मध्यम | ४ | ४० |
| न्यून | ४ | ४० |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका २८ मा उल्लेख भएअनुसार शैक्षिक सामग्रीको पाठ्यवस्तुसँग उपयुक्ततासम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये चार जना (४० प्रतिशत)मध्यम देखियो र चार जना ( ४० प्रतिशत) न्यून तथा दुई जना (२० प्रतिशत) उत्तम तथा बाँकी दुई विकल्पमा भने निर्धारित १० जनामा कुनै विकल्प भटिएन । नतिजाको यस तथ्यबाट विषय शिक्षकको कक्षा अवलोकन गर्दा प्राप्त तथ्याङ्कअनुसार शैक्षिक सामग्रीको पाठ्यवस्तुसँग उपयुक्तताको अवस्था हेर्दा खासै उत्कृष्ट देखिँदैन । यसरी समग्रमा शैक्षिक सामग्रीको पाठ्यवस्तुसँग उपयुक्तता हेर्ने हो भने राम्रो अवस्था पनि छ तर उत्तम र मध्यम बराबर भएकाले यसलाई सबल भन्न सकिन्छ । विषयस्तुमा मिल्ने र नमिल्ने सामग्रीको प्रयोग समान देखिन्छ ।

तालिका २९

*शैक्षिक सामग्री प्रदर्शनमा क्रमबद्धता*

| शैक्षिक सामग्री प्रदर्शनमा क्रमबद्धता | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | ६ | ६० |
| मध्यम | ४ | ४० |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तलिका २९ मा उल्लेख भएअनुसार शैक्षिक सामग्री प्रदर्शनमा क्रमबद्धतासम्बन्धी ( अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये छ जना (६० प्रतिशत) उत्तम देखियो र चार जना (४० प्रतिशत) मध्यम तथा बाँकी विकल्पमा भने निर्धारित १० जनामा कुनै विकल्प भेटिएन । नतिजाको यस तथ्यबाट विषय शिक्षकको कक्षा अवलोकन गर्दा प्राप्त तथ्याङ्कअनुसार सामग्री प्रयोग क्रमबद्ध गरिएको थियो यसरी शैक्षिक सामग्री प्रदर्शनमा क्रमबद्धता अवस्था हेर्ने हो भने सबै भन्दा बढी उत्तम जसमा क्रमबद्ध तरिकाले सामग्री प्रस्तुत गर्ने गरेको अवस्था देखियो ।

तालिका सङ्ख्या ३०

*शैक्षिक सामग्री स्पष्ट देखिने*

| शैक्षिक सामग्री स्पष्ट देखिने | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | १० | १०० |
| मध्यम | - | - |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका ३० मा उल्लेख भएअनुसार शैक्षिक सामग्री स्पष्ट देखिनेसम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये १० जना (१०० प्रतिशत) उत्तम देखियो । नतिजाको यस तथ्यबाट प्रयोगमा धेरै सामग्री नभए पनि प्रयोग गरिएका शैक्षिक सामग्री भने विद्यार्थीले स्पष्ट देखिने रहेका थिए । यसरी शैक्षिक सामग्री स्पष्ट देखिने अवस्था हेर्ने हो भने शतप्रतिशत उत्तम अर्थात स्पष्ट देखिने सामग्री रहेको देखियो ।

तालिका सङ्ख्या ३१

*शैक्षिक सामग्रीमा उदाहरणको उपयोग*

| शैक्षिक सामग्रीमा उदाहरणको उपयोग | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | ८ | ८० |
| मध्यम | २ | २० |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका ३१ मा उल्लेख भएअनुसार शैक्षिक सामग्रीमा उदाहरणको उपयोगसम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये आठ जना (८० प्रतिशत)उत्तम देखियो र दुई जना (२० प्रतिशत) मध्यम तथा बॉकी विकल्पमा भने निर्धारित १० जनामा कुनै विकल्प भेटिएन । नतिजाको यस तथ्यबाट शैक्षिक सामग्रीमा सुहाउँदो उदाहरण सहित शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गरिएको पाइयो । यसरी शैक्षिक सामग्रीमा उदाहरणको उपयोग हेर्ने हो भने सबैभन्दा बढी उत्तम विकल्पको उपयोग गरी सामग्री प्रयोग गरेको देखिन्छ ।

तालिका सङ्ख्या ३२

*पाठ्यक्रमको मर्म समट्ने शैक्षिक सामग्री*

| पाठ्यक्रमको मर्म समट्ने शैक्षिक सामग्री | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | ५ | ५० |
| मध्यम | ५ | ५० |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका ३२ मा उल्लेख भएअनुसार पाठ्यक्रमको मर्म समट्ने शैक्षिक सामग्री सम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये पाँच जना (५० प्रतिशत) उत्तम देखियो र पाँच जना (५० प्रतिशत) मध्यम तथा बाँकी विकल्पमा भने निर्धारित १० जनामा कुनै विकल्प भेटिएन । नतिजाको यस तथ्यबाट सामग्री प्रयोग भएअनुसार प्रायः जसो शिक्षकको शैक्षिक सामग्री पाठ्यक्रमको मर्म समट्ने ठिकै मात्रै रहेको भेटियो । यसरी पाठ्यक्रमको मर्म समट्ने शैक्षिक सामग्री हेर्ने हो भने पाठ्यक्रम अनुरूपका विधि, उद्देश्य प्राप्तिमा सहयोगी रहेको देखियो ।

तालिका सङ्ख्या ३३

*कक्षाकोठामा शैक्षिक सामग्री व्यवस्थापन*

| कक्षाकोठामा शैक्षिक सामग्री व्यवस्थापन | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | ७ | ७० |
| मध्यम | ३ | ३० |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका ३३ मा उल्लेख भएअनुसार कक्षाकोठामा शैक्षिक सामग्री व्यवस्थापनसम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये सात जना (७० प्रतिशत) उत्तम देखियो र तिन जना ( ३० प्रतिशत) मध्यम तथा बाँकी विकल्पमा भने निर्धारित १० जनामा कुनै विकल्प भेटिएन । नतिजाको यस तथ्यबाट उपलब्ध शैक्षिक सामग्रीको व्यवस्थापन केहीले नगरेको भएता पनि धेरैले ठिकै व्यवस्थापन गरेको पाइयो । यसरी कक्षाकोठामा शैक्षिक सामग्री व्यवस्थापन पक्ष हेर्ने हो भने बढी उत्तम अवस्था देखिन्छ । किनकि कक्षाकोठामा शैक्षिक सामग्री जुन सामग्री जहाँ राख्नुपर्ने हो त्यहिँ राखेको देखियो ।

तालिका सङ्ख्या ३४

*शिक्षण विधि अनुकूलताका दृष्टिले शैक्षिक सामग्री*

| शिक्षण विधि अनुकूलताका दृष्टिले शैक्षिक सामग्री | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | ४ | ४० |
| मध्यम | ५ | ५० |
| न्यून | १ | १० |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका ३४ मा उल्लेख भएअनुसार शिक्षण विधि अनुकूलताका दृष्टिले शैक्षिक सामग्रीसम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये पाँच जना (५० प्रतिशत) मध्यम देखियो र चार जना (४० प्रतिशत) उत्तम र एक जना (१० प्रतिशत) न्यून तथा बाँकी विकल्पमा भने निर्धारित १० जनामा कुनै विकल्प भेटिएन । नतिजाको यस तथ्यबाट कुनै कुनै विद्यालयको शिक्षण विधि र शिक्षण सामग्री बिच हुनुपर्ने तालमेल नमिलेको हुँदा सिकाइ बिग्रेको भेटियो तर कुनै विद्यालयको भने शिक्षण विधि अनुकूलताका दृष्टिले शैक्षिक सामग्री प्रयोग गरेको अवस्था भेटियो । यसरी समग्रमा हेर्ने हो भने शिक्षण विधि अनुकूलतका दृष्टिले शैक्षिक सामग्रीको प्रयोग विधि अनुकूल तर सामग्रीको प्रयोग न्यून देखिन्छ ।

तालिका सङ्ख्या ३५

*सामग्री प्रयोगमा शिक्षकको सहजिकरण*

| सामग्री प्रयोगमा शिक्षकको सहजिकरण | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | ९ | ९० |
| मध्यम | १ | १० |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका ३५ मा उल्लेख भएअनुसार सामग्री प्रयोगमा शिक्षकको सहजीकरणसम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये नौ जना (९० प्रतिशत)उत्तम देखियो र एक जना (१० प्रतिशत) मध्यम तथा बाँकी विकल्पमा भने निर्धारित १० जनामा कुनै विकल्प भेटिएन । नतिजाको यस तथ्यबाट शिक्षण सिकाइका बखत भाषा शिक्षकले निकै राम्रो सामग्री प्रयोगमा शिक्षकको सहजीकरण र आवश्यक परेको खण्डमा सहयोग गरेको भेटियो । यसरी सगग्रमा हेर्ने हो भने शिक्षकले आवश्यक परेको ठाउँमा सामग्री प्रयोगमा शिक्षकले सहजीकरण गरेको देखियो ।

तालिका सङ्ख्या ३६

*अभ्यासका दृष्टिले शैक्षिक सामग्री*

| अभ्यासका दृष्टिले शैक्षिक सामग्री | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | ५ | ५० |
| मध्यम | ५ | ५० |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका ३६ मा उल्लेख भएअनुसार अभ्यासका दृष्टिले शैक्षिक सामग्रीसम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये पाँच जना (५० प्रतिशत) उत्तम देखियो र पाँच जना (५० प्रतिशत) मध्यम तथा बाँकी विकल्पमा भने निर्धारित १० जनामा कुनै विकल्प भेटिएन । नतिजाको यस तथ्यबाट अभ्यासका दृष्टिले शैक्षिक सामग्री अवस्था हेर्ने हो भने शैक्षिक सामग्री प्रयोग गर्दा अभ्यास गर्ने गरेको देखियो ।

तालिका सङ्ख्या ३७

*पृष्ठपोषणका दृष्टिले शैक्षिक सामग्री*

| पृष्ठपोषणका दृष्टिले शैक्षिक सामग्री | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | - | - |
| उत्तम | ७ | ७० |
| मध्यम | ३ | ३० |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका ३७ मा उल्लेख भएअनुसार पृष्ठपोषणका दृष्टिले शैक्षिक सामग्रीसम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये सात जना (७० प्रतिशत) उत्तम देखियो र तीन जना (३० प्रतिशत) मध्यम तथा बाँकी विकल्पमा भने निर्धारित १० जनामा कुनै विकल्प भेटिएन । नतिजाको यस तथ्यबाट शिक्षण सामग्रीको प्रयोग गर्दा आवश्यक परेको खण्डमा पृष्ठपोषण प्रदान गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउने प्रयास भएको देखियो । यसरी पृष्ठपोषणका दृष्टिले शैक्षिक सामग्री हेर्ने हो भने बढी उत्तम देखिएको र शिक्षकले अन्तिममा पृष्ठपोषण दिएको पुष्टि हुन्छ ।

तालिका सङ्ख्या ३८

*मूल्याङ्कनका र कक्षा समापनका दृष्टिले शैक्षिक सामग्री*

| मूल्याङ्कनका र कक्षा समापनका दृष्टिले शैक्षिक सामग्री | विद्यालयहरूको सङ्ख्या र प्रतिशत गणना | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अत्युत्तम | १ | १० |
| उत्तम | ३ | ३० |
| मध्यम | ६ | ६० |
| न्यून | - | - |
| अति न्यून | - | - |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

तालिका ३८ मा उल्लेख भएअनुसार मूल्याङ्कनका र कक्षा समापनका दृष्टिले शैक्षिक सामग्रीसम्बन्धी (अत्युत्तम, उत्तम, मध्यम, न्यून, अति न्यून) विकल्प दिइएका थिए । यसको उत्तरमा १० जना शिक्षकमध्ये छ जना (६० प्रतिशत) मध्यम देखियो र तीन जना (३० प्रतिशत) उत्तम र एक जना ( १० प्रतिशत) अत्युत्तम तथा बाँकी विकल्पमा भने निर्धारित १० जनामा कुनै विकल्प भेटिएन । नतिजाको यस तथ्यबाट शिक्षण सामग्रीको प्रयोग गर्दै गर्दा सिकाइलाई प्रभावकारी बनाउनका निम्ति भाषा शिक्षकले समय समयमा मूल्याङ्कन गरी विद्यार्थीलाई शिक्षण गरेको पाइयो । यसरी समग्रमा मूल्याङ्कनका र कक्षा समापनका दृष्टिले शैक्षिक सामग्री अवस्था हेर्ने हो भने सबै भन्दा बढी मध्यम उत्तर देखिन्छ तर पनि कुनै विद्यालयहरू अत्युत्तम र उत्तम अवस्था देखियो । मूल्याङ्कनका र कक्षा समापनका दृष्टिले शैक्षिक सामग्री अन्तिममा मूल्याङ्कन र समापन गरी सामग्री प्रयोग गरेको देखियो ।

सम्रगमा कक्षा ५ को नेपाली शिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था अध्ययन गर्ने क्रममा विषय शिक्षकको कक्षा अवलोकन गर्दा प्राप्त तथ्याङ्कअनुसार सामग्री प्रयोगको अवस्था मध्यम देखिन्छ । उपलब्ध सामग्री प्रयोग गरेको देखिन्छ तर सामग्रीको अभावका कारण शिक्षण प्रभावकारी देखिएको छैन ।

## अध्याय पाँच

## उपसंहार

यस अध्यायलाई प्राप्ति, निष्कर्ष तथा शैक्षणिक उपादेयता गरी तीन उपशीर्षकभित्र व्यवस्थापन गरिएको छ ।

### प्राप्ति

कक्षा पाँचको नेपाली भाषाशिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीको प्रयोग अवस्था अध्ययनमा सामग्रीको उपलब्धता तथा त्यसको प्रयोग अवस्था हेर्दा सामग्रीको प्रयोग गर्नु पर्दछ भन्ने कुरा थाहा भएता पनि सामग्री प्रयोग भने केही मात्रामा देखिएको छ । वर्तमान जस्तो आधुनिक प्रविधिको समयमा पनि बालबालिकालाई शिक्षण गर्दा आधुनिक प्रविधिमा आधारित सामग्रीमा शिक्षण गर्दा प्रभावकारी हुन्छ र यो सबैलाई थाहा भएको छ । थाहा हुँदाहुँदै पनि सामग्रीको अभाव, तालिमको अभाव तथा तालिम लिए पनि इन्टरनेटको पहुँच नभएर पनि सामग्री प्रयोगमा त्यहीँ एउटा पाठ्यपुस्तक र सेतोपाटी मात्रै प्रयोग सीमित रहेको छ ।

तालिम लिएका शिक्षकहरूले पनि स्थानीय सामग्री निर्माण गरी शिक्षण गर्न सकेका छैनन् । शिक्षकको अल्छिपन तथा विद्यालयको व्यवस्थापनको कमजोरीको कारण र आर्थिक अभावका कारण पनि शिक्षण सामग्री उपयोगमा आउन सकेको छैन । अझ भन्ने हो भने त आजको समय घरमै बसी बसी पढ्न पाउने वातावरण भएको समय हो तर यहाँ भने तालिमको अभाव पनि त्यत्तिकै र तालिम लिएर पनि व्यवहारमा लागु नगरेर सामग्री प्रयोग कम भएको छ । कुनै एउटा दुईवटा विद्यालयमा भने शिक्षण सामग्रीको प्रयोग राम्रोसँग गर्दाभने शिक्षण सिकाइ प्रभावकारी देखिएको छ । यसबाट सामग्री प्रयोग गर्नु आवश्यक छ भन्ने देखिएको छ । यसबाट राम्रो र दिगो सिकाइको लागि शिक्षण सामग्रीको प्रयोग गर्नु आवश्यक भएको छ । यसका लागि स्थानीय निकायले ध्यान दिनु जरुरी देखिएको छ ।

प्रस्तुत अध्ययनमा कक्षा पाँचको नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था हेर्दा धेरै जस्तो विद्यालयमा नेपाली विषयको शिक्षक निर्देशिका उपलब्ध नभएको भेटिएको छ । शिक्षण गर्ने क्रममा उपलब्ध भएसम्मका सामग्रीको प्रयोग राम्रै तरिकाबाट गरेको पाइयो तर केही मात्रामा भने प्रयोग गर्ने ज्ञान नभएकाले उपलब्ध सामग्रीलाई पनि

सही प्रयोग भएको पाइएको छैन । धेरै जस्तो विद्यालयमा शिक्षण सामग्रीको अभाव रहेको तथा भएको सामग्री पनि केही विद्यालय बाहेक अन्यमा अस्तव्यस्त अवस्थामा पाइएको छ । आधुनिक प्रविधिमा आधारित सामग्रीहरू पनि धेरै कम मात्रामा भेटिए तर मोबाइलको प्रयोग बाट भएपनि सिकाउने प्रयास भने गरेको पाइयो । भाषा शिक्षकलाई तालिम पनि अभाव र एक शैक्षिक सत्रमा पुनर्ताजगी तालिम पनि थोरै मात्रामा प्रदान गरेको देखिएको छ ।

निर्धारित विद्यालयको अवस्थालाई हेर्दा नेपाली भाषाको शिक्षण सिकाइसम्बद्ध शैक्षिक सामग्री प्रयोगमा न कुनै प्रोत्साहन न बाह्य सहयोग प्राप्त भएको छ । सामग्री प्रयोगमा विद्यार्थी सहभागिता, रुचि तथा शिक्षकको सहभागिता राम्रो पाइएको छ ।

**निष्कर्ष**

नेपाली शिक्षण गर्दा विभिन्न आधुनिक विधि प्रविधि तथा शैक्षिक सामग्रीको प्रयोग गर्नु आजको आवश्यकता हो । हाल यस विषयसँग सम्बन्धित विभिन्न खेल, अडियो, भिडियो र भाषा प्रयोगशाला जस्ता प्रविधिहरू आएका छन् । यसको अभ्यास नेपालमा पनि नभएको त पक्कै पनि छैन । अभ्यास हुँदाहुँदै पनि नेपाली शिक्षण अझै प्रभावकारी बन्न भने सकेको छैन । अझ पनि त्यही दन्त्य कथा र व्याख्यान विधिबाट मात्रै पढाउने परम्परा रहेको छ । यसरी नेपाली शिक्षणलाई दिगो बनाउने भने आधुनिक विधि, प्रविधि तथा शिक्षण सामग्रीको प्रयोग गर्नु जरुरी छ । सामग्रीको उचित प्रयोग गर्ने हो भने सिकाइ सहजै सिकिन्छ भन्ने विश्वास गर्न सकिन्छ ।

नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अवस्था अध्ययन गर्दा गोरखा जिल्ला आरुघाट गा.पा भित्र पर्ने १० वटा सामुदायिक विद्यालयमा कक्षा पाँचको नेपाली शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अवस्था हेर्दा नेपाली विषय शिक्षकले प्रश्नावलीमा भरेको उत्तर तथा उनीहरूको कक्षा अवलोकनबाट प्राप्त साझा नतिजालाई यहाँ अनुच्छेदमा प्रस्तुत गरिएको छ ।

पाठ्यक्रम तथा शिक्षक निर्देशिका केही मात्रामा उपलब्ध भएता पनि धेरै विद्यालयहरूमा उपलब्ध नभएको देखिन्छ । शिक्षकहरू तालिम तथा सामग्री निर्माण कार्यशाला तथा प्रदर्शनीमा सहभागी अवस्था केही मात्रामा भए पनि त्यसको उपयोग भने त्यति प्रभावकारी देखिँदैन । आवश्यक शैक्षिक सामग्रीको प्रयोग आवश्यकताअनुसार प्रयोग

गर्ने भएता पनि सामग्रीको अभावका कारण प्रयोगमा कमी देखिन्छ । सामग्री निर्माण तथा सङ्कलनको अवस्था हेर्दा स्थानीय सामग्रीहरू निर्माण गरी शिक्षण गरेको तर वाह्य सहयोगको अभाव देखिन्छ । अधिकांश विद्यालयहरूमा धेरै प्रयोग गर्ने सामग्री श्रव्य, दृश्य भनेता पनि इन्टरनेटको पहुँच र सामग्रीको अभावका कारण प्रयोग भने कमै देखिन्छ । तर मोबाइलबाटै भएपनि कतिपयले अडियो भिडियोको माध्यमबाट अभ्यास गरेको पाइन्छ । सामग्रीको भण्डारण तथा संरक्षण अवस्था अस्तव्यस्त देखिन्छ । शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्न प्रोत्साहन भने कुनै निकायबाट पनि भएको देखिँदैन । शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीमा परेको प्रभाव भने निकै राम्रो देखिन्छ । यसमा एक दुई प्रतिशत विद्यालयको अभ्यासबाट प्रस्ट थाहा हुन्छ कि शिक्षण सामग्री कति धेरै जरुरी हुन्छ ।

शैक्षिक सामग्रीसम्बन्धी तालिमको अभाव तथा तालिम लिएर पनि सामग्री अभाव देखिन्छ । शैक्षिक सामग्री प्रयोग नहुनुको कारण आर्थिक अभाव पनि पाइन्छ । स्थानीय तथा शिक्षा इकाईको अनुगमन र सुपरीवेक्षणको अभाव पाइन्छ । अविभावकले पनि त्यती धेरै चाँसो नदिएको र शिक्षकले पनि परम्परागत माध्यमबाट शिक्षणलाई निरन्तरता दिएको पाइन्छ । विषय दक्षताको अभावको कारण पनि किन भन्दा नेपाली विषय जसले पनि पढाउँदा हुन्छ र सजिलो हुन्छ भन्ने धारणा पाइन्छ । भौगोलिक विकटताका कारण पनि सामग्रीको उपयोग हुन नसकेको पाइन्छ । प्रश्नावली र अवलोकनबाट प्राप्त तथ्यका आधारमा प्रश्नावलीको तथ्य र अवलोकनबाट प्राप्त तथ्य केही मात्रामा मात्रै मिल्दो जुल्दो देखिन्छ ।

**शैक्षणिक उपादेयता**

यस शोध अध्ययनबाट शैक्षिक सामग्रीका प्रकार, नेपाली भाषाशिक्षणमा यसको यसको प्रयोग, सिकाइका क्रममा आधारभूत तहमा शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्थाको जानकारी हासिल गर्न तथा शिक्षकले शिक्षण सामग्री प्रयोग गर्दा सही सामग्री प्रयोग गरी बालकेन्द्रित तथा क्षमताअनुसारका बढी भन्दा बढी सामग्री उपयोग गर्दा सिकाइ दिगो हुन्छ भन्ने धारणामा स्पष्ट हुने अपेक्षा गरिएको छ ।

यसबाट आधुनिक प्रविधिमा आधारित सामग्रीहरूमा बालबालिकाहरूलाई घुलमिल हुन प्रेरित गर्नुका साथै स्थानीय स्तरमै उपलब्ध मूल्य नपर्ने, कम मूल्य पर्ने सामग्रीको समेत

प्रयोगलाई निरन्तरता दिनु आजको आजको आवश्यकता हो भन्ने कुराको महशुस गराउन सहयोग प्राप्त हुन्छ भन्ने विश्वास गरिएको छ ।

यो अध्ययन शैक्षिक सामग्रीको प्रयोग गर्नु अति आवश्यक छ र सिकाइ प्रभावकारी हुन्छ भन्ने धारणा जगाउनका लागि उपयोगी हुने अपेक्षा गरिएको छ । त्यस्तै यसबाट नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोगमा देखापरेका समस्याहरूको समाधानका उपाय खोज्नका लागि उपयोगी हुने र भावी अनुसन्धान गर्ने शोधार्थी, विद्यालय, शिक्षक, पाठ्यक्रम निर्माण गर्ने निकाय, लेखक आदि सम्बद्ध सबैलाई मार्गनिर्देश प्राप्त हुन्छ भन्ने विश्वास गरिएको छ ।

**भावी अनुसन्धानका लागि प्रस्तावित शीर्षकहरू**

भावी अनुसन्धानका लागि देहाय बमोजिम शीर्षकहरू प्रस्ताव गर्न सकिन्छ :

(क) आधारभूत तहमा कार्यमूलक व्याकरणमा प्रयोग हुने शैक्षिक सामग्री ।

(ख) ग्रामीण र सहरी क्षेत्रमा नेपाली शिक्षण गर्दा प्रयोग हुने शैक्षिक सामग्रीको तुलना ।

(ग) सामुदायिक र संस्थागत विद्यालयमा प्रयोग हुने शैक्षिक सामग्रीको तुलना ।

(घ) नेपाली शिक्षणमा स्थानीय सामग्री प्रयोगको अवस्था ।

(ङ) शैक्षिक सामग्रीमा शिक्षण विधि प्रयोगको अवस्था ।

(च) नेपाली शिक्षणमा इन्टरनेटमा आधारित सामग्री प्रयोगको अवस्था ।

(छ) कथा विधा शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्री ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५९), *नेपाली भाषाशिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खड्का, लक्ष्मी (२०७१), *काठमाडौं जिल्लाका पूर्वी क्षेत्रका प्राथमिक विद्यालयमा नेपाली शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौं ।

खनिया, बुद्धराज (२०७५), *नेपाली भाषाशिक्षण सिद्धान्त र प्रयोग,* काठमाडौं : जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ हाउस प्रा.लि ।

घिमिरे, रमेशप्रसाद (२०६७), *दोलखा जिल्लाका सामुदायिक र संस्थागत विद्यालय अन्तर्गत कक्षा ९ को नेपाली भाषाशिक्षणमा शिक्षण सामग्रीहरूको प्रभावकारिताको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौं ।

चन्द्र, ललितप्रकाश (२०६८), *बाँके जिल्लाका विद्यालयहरूमा कक्षा ९ मा नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको उपयोगीता को अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौं ।

ढकाल, शान्तिप्रसाद (२०६५), *सामान्य भाषाविज्ञान,* काठ्माडौं : शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०७४), *नेपाली भाषाशिक्षण : परिचय र प्रयोग,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

दाहाल, दुर्गा प्रसाद र निरौला कृष्ण प्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पण्डित, प्रकाश (२०६७), *सामुदायिक तथा संस्थागत विद्यालय अर्न्तगत कक्षा १० को नेपाली भाषाशिक्षणमा शिक्षण सामग्री प्रयोगावस्थाको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौं ।

पाठ्यक्रम विकास केन्द्र (२०७९), *शिक्षाको सोच पत्र,* शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७९) , पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०७८), *आधारभूत शिक्षा पाठ्यक्रम,* शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (२०७८) , पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर ।

पोखरेल, केशवराज, काफ्ले, उमेश र दाहाल, द्रोणराज (२०६९), *नेपाली भाषाशिक्षण,* काठमाडौं : क्याम्ब्रिज पब्लिकेसन ।

बन्धु, चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई, गणेशप्रसाद (२०७८), *शैक्षणिक विधि र मूल्याङ्कन,*काठमाडौं : निमा पुस्तक प्रकाशन ।

भुजेल, रूपा (२०७२), *नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौं ।

रेग्मी, शशी (२०७५),*कक्षा आठको नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीको प्रयोग र प्रभावकारिता,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

लम्साल, रामचन्द्र (२०७६), *ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषा,* काठ्माडौं :स्वदेश प्रकाशन प्रा.लि ।

लामिछाने, गोमा (२०६९), *कक्षा आठमा भाषाशिक्षण गर्दा प्रयोग हुने शैक्षिक सामग्रीको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौं ।

शर्मा, दिपेन्द्र (२०६७), *सल्यान जिल्लाका विद्यालयहरूमा कक्षा दुईमा नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौं ।

साह, नागेन्द्र (२०८०), *नेपाली भाषाशिक्षणमा प्रयोग भएका योजना र विधि,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौं ।

## परिशिष्ट एक

## नेपाली विषय शिक्षण गर्ने शिक्षकका लागि प्रश्नावली

विद्यालयको नाम : मिति :

नेपाली शिक्षकको नाम : शैक्षिक योग्यता :

तालिम : अनुभव :

(१) तपाईंको विद्यालयमा कक्षा पाँचको नेपाली विषयको पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्धता र प्रयोग अवस्था के छ ?

(क) उपलब्ध छ (ख)उपलब्ध छैन

(ग) उपलब्ध छ प्रयोगमा छैन (घ) प्रयोगमा छ

(२) तपाईंको विद्यालयमा कक्षा पाँचको नेपाली विषयको पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्धता र प्रयोग अवस्था के छ ?

(क) विद्यालयले उपलब्ध नगराउनु (ख) सामग्रीको अभाव

(ग) निर्देशिका नबन्नु (घ) सामग्रीको उपादेयता नहुनु

(३) तपाइलाई नेपाली शिक्षणसम्बन्धी कुनै तालिम तथा शैक्षिक सामग्री निर्माण कार्यशाला तथा प्रदशनीमा सहभागीको अवसर के कत्तिको प्राप्तभएको छ छैन ?

(क) धेरै पटक प्राप्तभएको छ (ख) आवश्यक रूपमा प्राप्त भएको छ

(ग) एक पटकमात्रै प्राप्त भएको छ (घ) एक पटक पनि प्राप्त भएको छैन

(४) यदि सहभागी हुने अवसर प्राप्त भएको छैन भने त्यसको कारण के होला?

(क) यस्ता कार्यक्रम आयोजना नभएर (ख) विद्यालयले नपठाएर

(ग) इच्छा नभएर (घ) समय नभएर

(५) तपाईंले कक्षा पाँचको नेपाली विषय शिक्षण गर्दा आवश्यक शैक्षिक सामग्रीहरू कत्तिको प्रयोग गर्नुहुन्छ ?

(क) सधैं गर्छु (ख) आवश्यकताअनुसार

(ग) इच्छा लागे पछि गर्छु (घ) गर्ने गरेको छैन

(६) शैक्षिक सामग्री निर्माण तथा सङ्कलन कसरी गर्नुहुन्छ ?

(क) विद्यालयबाट प्राप्त (ख) स्थानीय सामग्रीहरूबाट

(ग) बजारबाट खरिद (घ) विद्यार्थीहरूबाट

(७) विद्यालयमा रहेका शैक्षिक सामग्रीहरूको उपलब्धता कस्तो छ ?

(क) सबै पाठको लागि प्रर्याप्त (ख) केही सजिलापाठको लागिमात्रै उपलब्ध

(ग) उपलब्ध छैनन् (घ) आवश्यकता छैन

(८) यदि शैक्षिक सामग्री उपलब्ध छैनन् भने त्यसको कारण के के होलान् ?

(क) आर्थिक अभाव (ख) विद्यालयले उपलब्ध नगराएर

(ग) आवश्यकता महसुस नभएर (घ) सामग्रीको उपलब्धता नभएर

(९) तपाईंले सामान्यतया नेपाली शिक्षणगर्दा प्रयोग गर्ने शैक्षिक सामग्रीहरू के के हुन् ?

(क) श्रव्य सामग्री (ख) श्रव्य दृश्य सामग्री

(ग)पाठ्य सामग्री (घ) स्पर्श सामग्री

(१०) तपाईंले नेपाली शिक्षणविधि, शैक्षिक सामग्री सम्बन्धी सूचनाहरू प्राप्तगर्न अनलाइन सामग्रीहरू कतिको प्रयोग गर्नुहुन्छ ?

(क) सधैं प्रयोग गर्छु (ख) कहिलेकाहिँ

(ग) प्रयोग गर्दिनँ (घ) आवश्यकताअनुसार प्रयोग गर्छु

(११) यदिगर्नु भएको छैन भने किन?

(क) इन्टरनेटको पहुँच नभएर (ख) आवश्यक सामग्री नभएर

(ग) आवश्यकता नभएर (घ) इन्टरनेट प्रयोगको ज्ञान नभएर

(१२) सामग्रीको सङ्कलन र प्रयोग पछि त्यसको भण्डारण तथा संरक्षण कसरी गर्नु भएको छ ?

(क) कक्षाकोठामै राख्ने गरेको (ख) विद्यालयको स्टोर रोममा

(ग) कार्यालयले व्यवस्थापन गरेको कक्षामा (घ) शिक्षकको कार्यकक्षमा

(१३) तपाईँ नेपाली शिक्षक भएको नाताले तपाईँलाई शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्नको लागि कुनै प्रोत्साहन दिएको छ ?

(क) प्रधानाध्यापकबाट (ख) विद्यालय व्यवस्थापन समितिबाट

(ग) गाउँ शिक्षा एकाइ (घ) शिक्षक प्रशिक्षकबाट

(१४) शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षणगर्दा विद्यार्थीहरूमा कक्षामा के कस्तो प्रभाव देखिन्छ ?

(क) सक्रियता देखाउँछन् (ख) अनावश्यक होहल्ला गर्छन्

(ग) जिज्ञासा पोख्छन् (घ) सामग्री प्रति बेवास्ता गर्छन्

(१५) तपाईँ एक शैक्षिक सत्र भित्र कति पटक पुनर्ताजगी तालिममा सहभागी हुनुहुन्छ ?

(क) धेरै पटक (ख) एक पटक

(ग) दुई पटक (घ) सहभागी भएको छैन

(१६) तपाईँको विद्यालयमा नेपाली शिक्षणसँग सम्बन्धित कुनै शैक्षिक सामग्रीका लागि वाह्य सहयोग प्राप्त भएको छ ?

(क) प्राप्त भएको छ (ख) प्राप्त भएको छैन

(ग) जानकारी भएन (घ) आवश्यक मात्रामा प्राप्त भएको छ

(१७) यदि छ भने कुन निकाय वा संस्थाबाट भएको छ ?

(क) गैर सरकारी संस्थाबाट (ख) गाउँपालीकाबाट

(ग) वडाबाट (घ) प्रदेशबाट

(१८) नेपाली शिक्षणकाक्रममा शैक्षिक सामग्री प्रयोग गर्दैगर्दा समस्या के कतिको भोग्नु भएको छ ?

(क) समस्या छैन (ख) कहिलेकाहीँ

(ग) नियमित छ (ग) एक पटक

(१९) यदि समस्या भोग्नु भएको छ भने त्यस्ता समस्याहरू के के हुन् ?

(क) सामग्रीको अभाव

(ख) सामग्रीको प्रयोग गर्ने वातावरण नहुनु

(ग) सामग्रीको प्रयोग गर्ने ज्ञान नहुनु

(घ) सामग्री भण्डारणको कारणले समस्या भएको

(२०) नेपाली शिक्षणमा शैक्षिक सामग्री उपयोगमा आउननसक्नुका कारणहरू के के हुन् ?

(क) आर्थिक अभाव (ख) आवश्यकता नभएर

(ग) अनुगमनको अभाव (घ) तालिमको अभाव

## परिशिष्ट दुई

## कक्षा पाँचको नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था

## कक्षा अवलोकन फाराम

विषय शिक्षकको नाम : मिति :

विद्यालयको नाम : कक्षा :

पाठशीर्षक : विद्यार्थी सङ्ख्या :

पाठ्यवस्तु : घण्टी :

| क.स | विवरण | अत्युत्तम | उत्तम | मध्यम | न्यून | अति न्यून | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | योजना अनुरूप उद्देश्य प्राप्तिमा सहयोगी | | | | | | |
| २ | प्रारम्भमा शैक्षिक सामाग्री प्रयोगको स्थिति | | | | | | |
| ३ | प्रदर्शनी पाटीको उपयोग | | | | | | |
| ४ | शैक्षिक सामग्रीको स्तर | | | | | | |
| ५ | आधुनिक प्रविधि (अडियो, भिडियो) प्रयोग | | | | | | |
| ६ | सामाग्री प्रयोगमा शिक्षकको भाषिक शुद्धता | | | | | | |
| ७ | शैक्षिक सामग्री प्रस्तुतीकरण | | | | | | |
| ८ | सामग्रीप्रति विद्यार्थीको रुचि | | | | | | |
| ९ | शैक्षिक सामग्रीको पाठ्यवस्तुसँग उपयुक्तता | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | शैक्षिक सामग्री प्रदर्शनमा क्रमवद्धता | | | | | | |
| ११ | शैक्षिक सामग्री स्पष्ट देखिने | | | | | | |
| १२ | सामग्री प्रयोगमा विद्यार्थी सहभागिता | | | | | | |
| १३ | शैक्षिक सामाग्रीमा उदाहरणको उपयोग | | | | | | |
| १४ | पाठ्यक्रमको मर्म समेट्ने शैक्षिक सामाग्री | | | | | | |
| १५ | कक्षाकोठामा शैक्षिक सामाग्री व्यवस्थापन | | | | | | |
| १६ | शिक्षण विधि अनुकूलताका दृष्टिले सामग्री | | | | | | |
| १७ | सामग्री प्रयोगमा शिक्षकको सहजीकरण | | | | | | |
| १८ | अभ्यासका दृष्टिले शैक्षिक सामग्री | | | | | | |
| १९ | पृष्ठपोषणका दृष्टिले शैक्षिक सामग्री | | | | | | |
| २० | मूल्याङ्कन र कक्षा समापनका दृष्टिले शैक्षिक सामाग्री | | | | | | |

कक्षा अवलोकनकर्ताको नाम :

कक्षा अवलोकनकर्ताको टिप्पणी :

अवलोकनकर्ताको हस्ताक्षर :

## परिशिष्ट तिन

## नमुना छनोटमा परेका सामुदायिक विद्यालयको विवरण

| क.स | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री अलैंचे माध्यमिक विद्यालय | आरुघाट गाउँपालिका ६ अलैंचे | |
| २ | श्री वाल उदय आधारभूत विद्यालय | आरुघाट गाउँपालिका ७ सादोबाटो | |
| ३ | श्री कल्लेरी आधारभूत विद्यालय | आरुघाट गाउँपालिका ७ चुरूङ्ग | |
| ४ | श्री इन्द्र कन्या माध्यमिक विद्यालय | आरुघाट गाउँपालिका ६ कल्लेरी | |
| ५ | गणेश माध्यमिक विद्यालय | आरुघाट गाउँपालिका १ मान्वु | |
| ६ | सिद्धार्थ वनस्थली आधारभूत विद्यालय | आरुघाट गाउँपालिका १ श्यामचेत | |
| ७ | सिद्दवेवि माध्यमिक विद्यालय | आरुघाट गाउँपालिका | |
| ८ | भवानी माध्यमिक विद्यालय | आरुघाट गाउँपालिका २ मान्वु | |
| ९ | चन्द्रोदय आधारभूत विद्यालय | आरुघाट गाउँपालिका १ माझगाउँ | |
| १० | विश्णु आधारभूत विद्यालय | आरुघाट गाउँपालिका १ ध्वरत | |

## परिशिष्ट चार

## नेपाली भाषा शिक्षकको शैक्षिक स्थिति

| क्र.स. | विद्यालयको नाम ठेगाना | शिक्षकको नाम | ठेगाना | योग्यता | तलिम | स्थायी/ अस्थायी | विद्यालयको प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | श्री अलैंचे मा.वि, आरुघाट ६ अलैंचे | समिर बराम | गोरखा | वि.एड | अप्राप्त | अस्थायी | पूर्ण सरकारी |
| २ | श्री वाल उदय आ.वि, आरुघाट ७ सादोबाटो | सुरेश गुरुङ्ग | गोरखा | वि.एड | प्राप्त | स्थायी | पूर्ण सरकारी |
| ३ | श्री कल्लेरी आ.वि, आरुघाट ७ चुरुङ्ग | सर्मिला लामिछाने | गोरखा | आई. एड | प्राप्त | अस्थायी | पूर्ण सरकारी |
| ४ | श्री इन्द्र कन्या मा.वि, आरुघाट, ६ कल्लेरी | राम वहादुर अधिकारी | गोरखा | वि.एड | प्राप्त | स्थायी | पूर्ण सरकारी |
| ५ | गणेश मा.वि, आरुघाट, १ मान्वु | भुपेन्द्र बम | डोटी | एम. एड | अप्राप्त | स्थायी | पूर्ण सरकारी |
| ६ | सिद्धार्थ वनस्थली आ.वि, आरुघाट १ श्यामचेत | अकिल भण्डारी | गोरखा | आई. एड | अप्राप्त | स्थायी | पूर्ण सरकारी |
| ७ | सिद्‌देवि मा.वि, आरुघाट | अर्जुन प्रसाद लामिछाने | गोरखा | वि.एड | प्राप्त | स्थायी | पूर्ण सरकारी |
| ८ | भवानी मा.वि, आरुघाट २ मान्वु | भिम वहादुर गुरुङ्ग | गोरखा | आई. एड | अप्राप्त | | पूर्ण सरकारी |
| ९ | चन्द्रोदय आ.वि, आरुघाट १ माझगाउँ | सिता गुरुङ्ग | गोरखा | आई. एड | प्राप्त | स्थायी | पूर्ण सरकारी |
| १० | विश्णु आ.वि, आरुघाट १ ध्वरत | मल वहादुर गुरुङ्ग | गोरखा | आई. एड | अप्राप्त | स्थायी | पूर्ण सरकारी |

# व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | संगिता कुमारी बम |
| जन्म मिति | : | २०५३/०४/०८ |
| बुबाको नाम | : | नेत्र वहादुर बम |
| आमाको नाम | : | कलु देवी बम |
| राष्ट्रियता | : | नेपाली |
| लिङ्ग | : | महिला |
| वैवाहिक स्थिति | : | अविवाहित |
| पेसा | : | शिक्षण |
| भाषा | : | नेपाली, डोटेली, हिन्दी र अङ्ग्रेजी |
| अस्थायी ठेगाना | : | आरुघाट ७, गोरखा |
| स्थायी ठेगाना | : | के. आई. सिं. ३, डोटी |
| सम्पर्क | : | ९८६८४६४५६१ |
| इमेल | : | bamsangita123@gmail.com |

**शैक्षिक योग्यता**

| क.सं. | तह | अध्ययन गरेको शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १) | स्नातकोत्तर तह | महेन्द्ररत्न क्याम्पस, ताहाचल काठमाडौं | अध्ययनरत | |
| २) | स्नातक तह | डोटी क्याम्पस, डोटी | २०७५ | द्वितीय |
| ३) | उच्च माध्यमिक तह | भिमेमालीका मा.वि., डोटी | २०७१ | द्वितीय |
| ४) | एस.एल.सी. | वासुदेव मा.वि., डोटी | २०६८ | द्वितीय |